का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ असार २०८१,
आइतबार
16 June 2024,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक



प्रादेशिक बजेट

# प्राथमिकतामा पुँजीगत खर्च

## कर्णालीको कम बागमतीको धेरै

आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटको आकारमध्ये सबैभन्दा ठूलो बागमती प्रदेशको देखिएको छ भने सबैभन्दा सानो आकारको बजेट कर्णाली प्रदेशले ल्याएको छ ।



**कोशी प्रदेश**
३५ अर्ब २७ करोड ९३ लाख



**मधेश प्रदेश**
४३ अर्ब ८९ करोड २१ लाख



**बागमती प्रदेश**
६४ अर्ब ५४ करोड ४ लाख



**गण्डकी प्रदेश**
३२ अर्ब ९७ करोड ८५ लाख



**लुम्बिनी प्रदेश**
३८ अर्ब ९५ करोड ९५ लाख



**कर्णाली प्रदेश**
३१ अर्ब ४१ करोड



**सुदूरपश्चिम प्रदेश**
३१ अर्ब ६२ करोड ९८ लाख

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १ असार ।

संवैधानिक व्यवस्थाअनुसार असार १ गते सातै प्रदेशका सरकारले आगामी आर्थिक वर्ष(आव) को बजेट ल्याएका छन् । शनिबार सबै प्रदेशका आर्थिक मामिला हेर्ने मन्त्रीहरुले आगामी आवका लागि साढे २ खर्ब बढीको बजेट प्रदेश सभामा प्रस्तुत गरेका छन् ।

प्रदेश सरकारहरुले चालु खर्चको तुलनामा पुँजीगत खर्चको आकार ठूलो राखेर बजेट बजेट प्रस्ताव गरेको देखिन्छ । आगामी आर्थिक वर्षको लागि ल्याएको बजेटको आकार मध्ये सबैभन्दा ठूलो बागमती प्रदेशको देखिएको छ भने सबैभन्दा सानो आकारको बजेट कर्णाली प्रदेशले ल्याएको छ ।

कोशी प्रदेशले चालुतर्फ १४ अर्ब ४७ करोड २३ लाख, पुँजीगत तर्फ १६ अर्ब २० करोड २० लाख, वित्तीय व्यवस्थातर्फ र स्थानीय तहका लागि वित्तीय हस्तान्तरण चार अर्ब ५८ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ । मधेश प्रदेशले आगामी आवका लागि चालु खर्चतर्फ १६ अर्ब ७ लाख र पुँजीगततर्फ २७ अर्ब ८९ करोड १४ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

बागमती प्रदेशले आगामी आवका लागि चालुतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पुँजीगत तर्फ ३६ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ, वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड रुपैयाँ र स्थानीय तहलाई वित्तीय हस्तान्तरणतर्फ आठ अर्ब ३७ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।

लुम्बिनी प्रदेश सरकारले आगामी आवका लागि चालुतर्फ ११ अर्ब २४ करोड २७ लाख, पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख र वित्तीय हस्तान्तरणका लागि तीन अर्ब १४ करोड १३ लाख विनियोजन गरेको छ ।

गण्डकी प्रदेश सरकारले चालुखर्चतर्फ १३ अर्ब १६ करोड पाँच लाख, पुँजीगत खर्चतर्फ १९ अर्ब ५१ करोड ७९ लाख र वित्तीय व्यवस्थातर्फ ३ करोड विनियोजन गरेको छ ।

कर्णाली प्रदेश पुँजीगततर्फ १८ अर्ब ७५ करोड ८ लाख ६८ हजार, चालूतर्फ ७ अर्ब ५७ करोड ५५ लाख, वित्तीय व्यवस्थापनतर्फ २५ करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ४ अर्ब ८३ करोड रुपैयाँ विनियोजन गरेको छ ।

पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगारको बीमा नीति निजी कम्पनीहरूका लागि नाफा आर्जनको बलियो स्रोत

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ असार

वैदेशिक रोजगारको श्रम स्वीकृतिका लागि अनिवार्य गरिएको वैदेशिक रोजगार म्यादी जीवन बीमा नीति निजी क्षेत्रका जीवन बीमा कम्पनीहरूका लागि नाफा आर्जनको बलियो स्रोत बनेको छ ।

हाल नेपालमा रहेका १४ मध्ये ११ वटा जीवन बीमा कम्पनीहरूले वैदेशिक रोजगारका लागि म्यादी बीमा पोलिसी बिक्री गरिरहेका छन् । नेपाल बीमा प्रधिकरणका अनुसार हाल सूर्यज्योति लाइफ, सन नेपाल लाइफ, सिटिजन लाइफ, प्रभु लाइफ, सानिमा लाइफ, आइएमई लाइफ र मेट लाइफ कम्पनी लिमिटेडले वैदेशिक रोजगारमा जाने कामदारको म्यादी बीमा गर्ने गरिरहेका छन् । यसका अतिरिक्त रिलायवल लाइफ, नेपाल लाइफ, नेशनल लाइफ र लाइफ इन्स्योरेन्स कर्पोरशेन (एलआईसी) नेपालले पनि वैदेशिक रोजगार बीमाको पोलिसी बेच्दै आएका छन् ।

जीवन बीमा कम्पनीहरुले मासिक सरदर २ करोड रुपैयाँ हाराहारीमा वैदेशिक रोजगार म्यादी जीवन बीमाबाट मात्रै कमाउने गरेका छन् । प्राधिकरणका अनुसार उनीहरूले चालु आर्थिक वर्षको १० महिना अर्थात गत वैशाख मसान्तसम्म वैदेशिक रोजगारको म्यादी बीमामार्फत २ अर्ब ५८ करोड रुपैयाँ भन्दाबढी बीमा शुल्क आर्जन गरेका छन् ।

वैशाख महिनामा मात्रै ११ वटा बीमा कम्पनीले ७१ हजार ७३ वटा वैदेशिक रोजगार बीमालेख जारी गरी २० करोड ७१ लाख ७१ हजार रुपैयाँ कमाएका छन् । वैदेशिक रोजगार म्यादी जीवन बीमामा १६ देखि ६० वर्ष उमेर समूहका कामदारले १ देखि ५ वर्षसम्मको बीमा गर्ने गरेका छन् ।

देश र उमेरअनुसार म्यादी बीमाको रकम फरक-फरक तिर्नुपर्ने व्यवस्था छ । वैदेशिक रोजगारीमा साउदी अरेबिया, कतार र यूएईसहित खाडीका देश र मलेसिया जाने कामदारहरूले म्यादी बीमाबापत १ हजार ५ सयदेखि ४ हजारसम्मको बीमा गर्नुपर्ने व्यवस्था छ । यस्तै दक्षिण कोरिया र इराजरायल जाने कामदारले २ हजार ५ सयको बीमा गर्नुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारीमा जाने कामदारको श्रम स्वीकृति २ वर्षको हुने भएपनि खाडी मुलुक र मलेसिया जाने कामदारको श्रम स्वीकृतिभन्दा १ वर्ष बढी अवधिको म्यादी बीमा गराउँदै आएका छन् । त्यसबापत वैदेशिक रोजगारीमा जाने कामदारले बिनाकारण बढी रकम तिर्नुपरेको छ । प्रारम्भमै एकमुष्ट बीमाशुल्क तिर्नुपर्ने शर्त रहेको यस बीमामा बीमा अवधिमा कुनै घटना नभए रकम फिर्ता हुँदैन ।

## सत्ता गठबन्धनमा खटपट

सरकार बजेट ल्याएर संसदमा छलफल चलाइरहेको छ । यही बेला सत्ता गठबन्धनको प्रमुख घटक एमालेले सरकारी कामप्रति असन्तुष्टि जनाएको छ । यही बेला अर्को घटक रास्वपाका नेताहरु सरकार पुरातन भएको टिप्पणी गरिरहेका छन् ।



हामी सरकारमा किन भएको भन्दा देशलाई गरिबीतिर जानबाट रोकेर विकासतर्फ अगाडि बढाउन सरकारमा गएको हो । त्यही चिज हुँदैन भने सन्तोष कसरी मान्ने ?

**केपी ओली**
अध्यक्ष, एमाले



अनधिकृत हिसाबले कुनै सम्झौता गर्नुपर्‍यो भने रास्वपा सरकारबाट बाहिर आउन तयार छ । हाम्रो राजीनामा पत्रमा मिति मात्रै लेख्न बाँकी छ, राजीनामा पत्र बोकेर हिँडेका छौं ।

**विराजभक्त श्रेष्ठ**
युवा तथा खेलकुदमन्त्री




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ असार ।

बजेट ल्याउनु र संसदबाट पारित गर्नुलाई संसदीय राजनीतिमा सरकारमा सहभागी दलको दिर्घकालीन रणनीतिक योजना लागू भएको रुपमा लिइन्छ । कुनै पनि दलको एकल सरकार नरहेको अवस्थामा गठबन्धनमा रहेका दलहरु सरकारमा रहे केही न केही आफ्ना योजना लागू गर्न सकिने विश्वासमा हुन्छन् । तर वर्तमान सत्ता गठबन्धनमा रहेका दलहरु सरकारको कामप्रति जस लिइरहेका छैनन् । नेकपा माओवादी केन्द्रको

पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिकको अनलाइन संस्करण



www.madhyanhadaily.com
नयाँ स्वरुपमा हेर्न नछुटाउनुहोला ।

मध्यान्ह
www.madhyanhadaily.com
२ असार २०८१, आइतबार
16 June 2024, Sunday

# पानी नपर्दा सुक्न थाले मकैका बिरुवा, खानेपानीको हाहाकार

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १ असार

पश्चिम नेपालमा पानी नपर्दा यतिबेला किसानहरु खडेरीको चपेट्टामा परेका छन् । रोल्पाका विभिन्न गाउँ-ठाउँमा आकाशबाट पानी नपर्दा मकैको बिरुवा सुक्ने अवस्थामा पुगेको छ । २५ वैशाखमा आकाशबाट पानी पर्न शुरु गरेको थियो । चार/पाँच दिन हल्का रूपमा पानी परेपछि मकै रोपेका थिए ।

असार १ लाग्दा समेत अहिलेसम्म आकाशबाट पानी परेको छैन। मकै रोपेको एक महिना पुग्दा समेत पानी नपरेपछि यतिबेला अत्यधिक गर्मीले मकै ओइलिएर सुक्ने अवस्थामा पुगेको छ ।

जसले गर्दा यतिबेला किसानहरु चिन्तित बनेका छन् । 'हामीले रोपेको मकै पनि सुक्ने अवस्थामा पुगेको छ । यो हुनु कसैको दोष होइन्, प्रकृतिको दोष हो'परिवर्तन पालिका -६ ओह गाउँका किसान रत्न बहादुर बुढा मगरले भने ।



### पिउने पानीको समस्या

अहिले मकै बिरुवामा मात्र होइन्, विभिन्न गाउँ ठाउँमा पिउने पानीको समेत अभाव भएको छ । घर-घरमा धारा बनाएपनि पानी आउन छोडेको छ। कुवाँ, पानीका स्रोतहरु सुकेर सुक्खा भूमिमा परिणत भएको छ। जसले गर्दा मान्छे र पशुचौपायलाई पिउने पानीको अभाव भएको छ। खडेरीले गर्दा पिउने पानी लिनकै लागि घण्टौ लगाएर जानुपर्ने अवस्था छ। परिवर्तन गाउँपालिका-६ ओह टोलका मनप्रसाद बुढा मगरले भने, 'हामी करिब आधा घण्टा हिँडेर कुँवामा पानी लिन जानुपर्छ। त्यसमा पनि जो बिहान उठेर गयो,उसले एक/दुई गाग्री ल्यायो र पछि गएपछि त्यहीँ पनि पाइँदैन।'

### विद्यालयहरुमा पिउने पानीको समस्या

पश्चिम रोल्पाका विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरुमा समेत पिउने पानीको अभाव रहेको छ। परिवर्तन गाउँपालिका -६ ओह टोलमा रहेको दिव्य ज्योति आधारभूत विद्यालयमा पिउने पानी र शौचालय प्रयोगमा पानी नभएर समस्या देखिएको छ। करिब १ किलो मिटर टाढा रहेको खोलाबाट ल्याइएको पानीको स्रोत न्यून भएपछि पानी नआउने समस्या रहेको छ । विद्यार्थीहरुले आ-आफ्नो घरबाटै बोतलमा पिउने पानी लिएर विद्यालय जाने गर्दछन् । पिउने पानी विद्यालयमा नभएको कारण आफूहरूले घरबाटै बोटलमा पानी लिएर विद्यालय जाने गरेको सोही विद्यालयमा अध्यनरत विद्यार्थी करुणा बुढा मगरले बताइन् ।

### स्वास्थ्यमा समस्या

सुक्खा खडेरी र गर्मीले गर्दा सरसफाइमा चुनौती देखा परेसँगै स्वास्थ्य समस्याहरु पनि देखिन थालेको छ । जसमा रुघाखोकी, टाइफाइ, झाडापखाला, टाउको दुख्ने, आँखा दुख्ने, घाँटी दुख्ने र शरीरमा विभिन्न किसिमका समस्या देखिने गरेको छ ।

### उजाड भूमि

अहिले रोल्पाका अधिकांश गाउँमा सुक्खा खडेरी र गर्मीका कारण उजाड देखिन थालेको छ । चैत, वैशाख महिला जस्तै सुक्खा भूमि र खडेरीका कारण घाँस, बोट बिरुवा पनि ओइलिने अवस्थामा पुगेको छ। खेतीयोग्य जमिनमा लगाइएको विरुवा ओइलिएको देख्दा उजाड भूमि जस्तो देखिन थालेको छ। अन्य वर्षहरुमा असार १ गतेसम्म हरियाली देखिन्थ्यो, तर यो वर्ष भने उजाड लाग्ने देखिएको छ ।

जलवायु परिवर्तन, अव्यवस्थित विकास निर्माण, वातावरण प्रतिकूलन, प्राकृतिक प्रकोप, भूकम्प र डढेलो लगायतका कारण यस्तो समस्या देखिएको हुन सक्ने स्थानीयहरु बताउँछन् ।

# छापामाध्यमहरुले भोगिरहेका समस्या र समाधानमा गर्नुपर्ने प्रयासबारे मन्थन

**लेखनाथ सिकारु/मध्यान्ह**
ललितपुर, १ असार



ललितपुरमा आयोजित एक कार्यक्रममा छापामाध्यमहरुले भोगिरहेका समस्या र समाधानमा गर्नुपर्ने प्रयासका बारेमा छलफल भएको छ । साप्ताहिक पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल र नेपाल चाइना मिडिया फोरमले ललितपुरमा आयोजना गरेको कार्यक्रममा 'नेपालका छापामाध्यमले भोगिरहेका समस्या'बारे छलफल भएको हो ।

कार्यक्रममा सरोकारवालाहरुले छापामाध्यमको महत्व र गरिमा अझै बाँकी रहेको हुँदा त्यसको प्रभावकारितालाई केन्द्रमा राखेर समाचार प्रकाशित गर्न सके आत्तिनु पर्ने अवस्था अझै आइनसकेको बताएका थिए ।

कार्यक्रममा 'नेपाल चीन दिगो सम्बन्ध विकासमा मिडियाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम समेत भएको थियो । साप्ताहिक पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालका अध्यक्ष देवप्रकाश त्रिपाठीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रेस काउन्सिल नेपालका प्रवक्ता दिपक खनालले 'छापा माध्यमका समस्या र सम्बद्ध पक्षहरूसँग अपेक्षा' शीर्षकमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यपत्र प्रस्तुत गर्दै खनालले सूचना प्रविधिमा भएको तीव्र विकासले छापामाध्यमहरूका पाठक घटेको भएपनि छापाको सान्दर्भिकता भने नसकिएको धारणा राखे । खनालले पत्रकारिताका समस्या निराकरणको लागि स्वयम् छापामाध्यमहरूले आफूलाई परिष्कृत बनाउनुपर्ने बताए । समाचारका विषयवस्तु र त्यसको प्रस्तुतीकरण विगतमा झैं गर्ने हो भने छापामाध्यम नटिक्ने यथार्थतामा जोड दिँदै उनले भने, 'अब छापाले समाचार ब्रेकिङ गर्नेबारे सोच्ने होइन बरु समाचारको गहिराइलाई नाप्ने काम गर्नुपर्छ । न्यु मिडियाले दिन नसकेका र छुटाएका विषयवस्तुमा केन्द्रित रहेर समाचार प्रकाशित गर्ने हो भने अझै पनि अखबारले पाठक पाउन सक्ने सम्भावना जीवितै छ।'

'नेपाल-चीन दिगो सम्बन्ध विकासमा मिडियाको भूमिका' शीर्षकको कार्यपत्र प्रस्तुत गर्दै पत्रकार सीताराम भट्टराईले कूटनीतिमा मिडियाको अहम् र प्रभावकारी भूमिका हुने बताए । नेपाल-चीन सम्बन्धलाई अझ प्रगाढ र द्विपक्षीय हितको बाटोमा डोहोऱ्याउने मिडियाले जे जति मात्रामा काम गर्न सक्थ्यो त्यसो हुन नसकेको उनले बताए ।

नेपाली मिडियाले नेपाल-चीन सम्बन्धलाई ठिकसँग बुझ्न नसकेको बताउँदै उनले भने, 'हामीसँग धेरै उदाहरण छन्, जसले हाम्रा मिडियाले चीनसँगको सम्बन्धमा रहेको संवेदनशीलतालाई नबुझेको प्रमाणित गर्छन् । उही विषय र प्रसङ्गमा परस्पर विरोधी अर्थ लाग्ने समाचारहरू भिन्न भिन्न मिडियामा प्रकाशित हुने गरेको तीतो यथार्थ दुई मुलुकबीचको सम्बन्धमा दरार ल्याउने विषय बन्न सक्छ।' उनले चिनियाँ पक्षले पनि नेपाली मिडियालाई समयमा नै सही सूचना दिने र सूचनाको पहुँचमा रहनुपर्ने बताए ।

नेपाल चाइना मिडिया फोरमका अध्यक्ष किशोर श्रेष्ठले नेपाली छापामाध्यमले हाल भोगिरहेको समस्यालाई परास्त गर्न नयाँ ढंगले सोच्नुपर्ने बताए। उनले छापामाध्यमको महत्व र गरिमा अझै बाँकी नै रहेको हुँदा त्यसको प्रभावकारितालाई केन्द्रमा राखेर समाचार प्रकाशित गर्न सके आत्तिनु पर्ने अवस्था अझै आइनसकेको टिप्पणी गरे । श्रेष्ठले नेपाली मिडियाले नेपाल चीन सम्बन्धलाई अझै मजबुत पार्न दुई मुलुकबीच भइरहेका संवाद,सहकार्य र आपसी साझेदारीलाई इमानदारिताका साथ आम नागरिकसमक्ष पुऱ्याउने जिम्मेवारी निर्वाह गर्नुपर्ने बताए ।

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का प्रेस सल्लाहकार गोविन्द आचार्यले मन्तव्य राख्दै नेपाली छापामाध्यमले भोगिरहेका समस्यालाई सम्बोधन गर्न नेपाल सरकारका सम्बन्धित निकायलाई समेत सक्रिय गराउन आफूले पहलकदमी लिने प्रतिबद्धता व्यक्त गरे। नेपाल-चीन सम्बन्धलाई थप मजबुत बनाउन नेपाली मिडियाले स्वतन्त्र र व्यावसायिक भएर सोहीअनुसारका लेख, रचना, समाचार र टिप्पणीहरू प्रकाशित र प्रसारित गरेमात्रै पनि पुग्ने बताए। मिडियालाई जिम्मेवार बन्न र कुनै पनि अर्को मुलुकसँग जोडिएका विषयमा काम गर्दा सजग रहन उनले आग्रह गरे ।

वरिष्ठ पत्रकारहरू राजन कार्की, महेश्वर दाहाल, खिलबहादुर भण्डारी, विश्वमणि सुवेदी, बालकृष्ण चापागाईं, निर्मला शर्मा र पुष्प प्रधानले प्रस्तुत दुबै कार्यपत्रमाथि टिप्पणी गरेका थिए । कार्यक्रममा नेपालका ४ दर्जन बढी वरिष्ठ पत्रकारसहित सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

# सुरक्षा निकायलाई जलचर तथा वन्यजन्तु संरक्षण ऐनसम्बन्धी अभिमुखीकरण

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १ असार



बर्दिया र कैलालीका सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरुलाई टिकापुरमा जलचर तथा वन्यजन्तु संरक्षण ऐन र दिगो ढुंगा, गिट्टी तथा बालुवा उत्खननसम्बन्धी अभिमुखीकरण गराइएको छ ।

'कर्णाली नदीमा ओत संरक्षणका लागि नदीमा आश्रित समुदायको जीविकोपार्जन तथा अभिभावकत्व सवलीकरण परियोजना'अन्तर्गत डल्फिन संरक्षण केन्द्र भजनी कैलालीले अभिमुखीकरण कार्यक्रम आयोजना गरेको हो ।

सुरक्षा निकायलाई जलचर संरक्षण तथा नदीमा हुने अवैध तथा अनियमित गतिविधि नियन्त्रण गर्न क्षमता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको डल्फिन संरक्षण केन्द्रका सचिव विजयराज श्रेष्ठले बताए ।

कार्यक्रममा बर्दियाको इलाका प्रहरी कार्यालय पाताभार तथा राजापुर, सशस्त्र प्रहरी बल प्रस्तावित सीमा सुक्षा गुल्म राजापुर, कैलालीको इलाका प्रहरी कार्यालय टिकापुर, लम्की, भजनी तथा प्रहरी चौकी अमरावती र सशस्त्र प्रहरी बल टिकापुरका प्रमुखसहित ३० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन (पाँचौं संशोधन), २०७३ र नदीसम्बन्धी अन्य कानूनहरू, ओत संरक्षणमा सरोकारवालाहरुको भूमिका, यसको शिकार प्रजाति र बासस्थान संरक्षण, जलीय जैविक विविधता संरक्षण र सिमसार/नदी संरक्षणसम्बन्धी कार्यहरूका विषयमा बर्दिया राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेले सहजीकरण गरेका थिए ।

त्यस्तै पशुसेवा तालिम केन्द्र धनगढीका मत्स्य विकास अधिकृत डा. सूर्यबहादुर शाहीले जलचर संरक्षण ऐन २०१७ र एक्वाटिक्स (अनुबन्ध) नियम, २०१९ लगायत नदीमा हुने अवैध गतिविधिहरूका बारेमा सहजीकरण गरेका थिए ।

एकदिने कार्यक्रममा वातावरणविद् दिनेश चन्द्र जोशीले नदीमा गिट्टी, ढुंगा, बालुवा उत्खनन र त्यसले निम्त्याउने समस्या तथा सकारात्मक र नकारात्मक असरहरु, नकारात्मक प्रभावबाट बच्ने उपायहरू, प्रारम्भिक वातावरणीय अध्ययनबीचको अन्तर, अवैध बालुवा र गिट्टी उत्खनन बन्द गर्न नियामक निकायको भूमिकाका विषयमा सहजीकरण गरेका थिए ।

विश्व वन्यजन्तु कोष नेपालद्वारा नेपाल सरकारसँगको समन्वय र बेलायत सरकारअन्तर्गत दार्विन इनिसिएटिभको सहयोग, सोनाह विकास समाज बर्दिया, डल्फिन संरक्षण केन्द्र कैलाली, मुक्त कमैया महिला विकास मञ्च कैलाली र साना स्तनधारी संरक्षण तथा खोज अनुसन्धान केन्द्र काठमाडौंद्वारा परियोजना सञ्चालित छ ।

# त्रिवेणी गाउँपालिका-७ बालविवाह मुक्त वडा घोषणा



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, १ असार

कालीकोटको शान्नि त्रिवेणी गाउँपालिका ७ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ। बालविवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण र सामाजिक सुरक्षामा प्रतिकुल असर पारेको ठहर गर्दै बालविवाह मुक्त वडा घोषणा गरिएको हो ।

'बिहेवारी २० वर्ष पारि, बालविवाह कानूनी र सामाजिक अपराध हो, कसैले नगरौं, नगराऔं' मूल नारासहित शान्नित्रिवेणी ४ लाई बालविवाह निषेधित घोषणा गरिएको हो ।

गाउँका सबै सरोकारवालाको सहभागितामा व्यापक अन्तरक्रिया गर्दै निषेधित घोषणा गर्दा उमेर नपुगी विवाह गर्न खोज्नेको मनोवल घट्ने भएकाले गाउँबस्तीलाई औपचारिक कार्यक्रममार्फत अभियान थालिएको नगर गाउँपालिका अध्यक्ष मोहन बहादुर केसीले बताए ।

शान्नित्रिवेणी गाउँपालिका वडा नम्बर ७ का अध्यक्ष जय प्रसाद सिम्खाडाको अध्यक्षतामा आयोजित घोषणा सभामा गाउँपालिका अध्यक्ष मोहन बहादुर केसीको प्रमुख आतिथ्यता रहेको थियो । गाउँपालिका उपाध्यक्ष पार्वती सिंह सज्यालको विशेष आतिथ्थता रहेको कार्यक्रममा सम्पूर्ण वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, राजनीतिक दलका प्रतिनिधि, विषयगत शाखाका प्रमुख प्रतिनिधि, संघ संस्थाका प्रतिनिधि, पत्रकार नागरिक समाज लगायतको उपस्थितिमा बाल विवाह निषेधित वडा घोषणा गरिएको हो। बालविवाह सबै बालबालिकाको प्रगतिको बाधक हो भने बालविवाह गर्नेलाई सामाजिक बहिष्कार गरिनेछ। यसबाहेकका सबै कुरीति सधैंका लागि अन्त्य गर्नुपर्ने उपाध्यक्ष सिंहले बताइन् ।

विगत लामो समयदेखि बालविवाहविरुद्धको अभियान सञ्चालन गरेर २० प्रतिशत मुनि झार्न सफल भएपछि बालविवाह निषेधित वडा घोषणा गरिएको वडा अध्यक्ष सिम्खाडाले बताए ।

घोषणाअघि यहाँका बस्ती र टोलबाट प्ले कार्ड, ब्यानर बोकेर बालबालिका, किशोर किशोरीलगायत सरोकारवालाहरू नाराजुलुस गर्दै सभास्थल पुगेर बालविवाह नगर्ने/नगराउने प्रतिवद्धता गराइएको थियो। बालविवाहविरुद्धको अभियानमा सक्रिय शान्नित्रिवेणी गाउँपालिका अभियन्तालाई सम्मान समेत गरिएको छ। प्लान इन्टर नेशनल नेपालको आर्थिक सहयोग हुरेन्डेक नेपाल, सादा नेपाल र किर्डाक नेपालको समन्वय तथा शान्नित्रिवेणी गाउँपालिका ७ को आयोजनामा सञ्चालन गरिएको कार्यक्रम नमराज योगीले सञ्चालन गरेका थिए ।

# पत्रकार महासंघ डोल्पाको भवन निर्माणका लागि बजेट विनियोजन

**काठमाडौं/मस**-शहरी विकास मन्त्री धनबहादुर बुढालाई नेपाल पत्रकार महासंघ जिल्ला शाखा डोल्पाले धन्यवाद दिएको छ । मन्त्री बुढाले जिल्लामा महासंघको भवन बनाउन ५० लाख बजेट विनियोजन गरेको र आवश्यकताका आधारमा जिल्लाभर बजेटको व्यवस्थापन गरेको भन्दै महासंघले मन्त्री बुढालाई विज्ञप्ति जारी गरेर धन्यवाद दिएको हो ।

महासंघका डोल्पा शाखा अध्यक्ष सरोज थापाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'डोल्पा जिल्लाबाट लगातार तेस्रो पटक प्रतिनिधिसभामा प्रतिनिधित्व गरी हाल नेपाल सरकार शहरी विकास मन्त्रालयको जिम्मेवारी समाल्नुभएका माननीय मन्त्री धनबहादुर बुढाले समग्र डोल्पा जिल्ला र पहिलो पटक नेपाल पत्रकार महासंघ डोल्पा शाखाको भवन निर्माणको लागि संघीय सरकार शहरी विकास मन्त्रालयबाट रु. ५० लाख बजेट व्यवस्थापन गर्नुभएकोले र जिल्लाभर आवश्यक बजेट विनियोजन गरी डोल्पाली जनताका आवश्यकतालाई पहिचन गर्नु भएकोमा महासंघ डोल्पा शाखा हार्दिक धन्यवाद ज्ञापन गर्दछ।' महासंघको भवन निर्माणको लागि मन्त्री बुढाले शहरी विकास मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को वार्षिक विकास कार्यक्रमको पृष्ठ १५२ को क्र.संख्या ३७४७ मा ठूलिभेरी नगरपालिकाले कार्यान्वयन गर्ने गरी ५० लाख बजेट समावेश गरेका छन्। पत्रकार महासंघका डोल्पा शाखाका अध्यक्ष थापाका अनुसार महासंघको डोल्पा शाखाको कार्यलयको जग्गा भएपनि भवन बनाउने पर्याप्त रकम नभएकोले हालसम्म भाडामा बस्दै आएको छ ।

# भूमिकास्थानमा विपद् व्यवस्थापन तालिम शुरु

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ असार



अर्घाखाँचीको भूमिकास्थान नगरपालिकाले विपद् व्यवस्थापन तथा पूर्वतयारीसम्बन्धी दुईदिने युवा स्वयंसेवक परिचालन तालिम शनिबारबाट शुरु गरेको छ । शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा शुरु भएको विपद् व्यवस्थापन तथा पूर्वतयारी सम्बन्धी तालिमको भूमिकास्थान नगरपालिकाका उपप्रमुख बालाकृष्ण बन्जाडेले उद्घाटन गरेका हुन् ।

सो अवसरमा मन्तव्य राख्दै नगर उपप्रमुख बन्जाडेले पछिल्लो समय विदेश जाने मोहले युवाहरुमा राष्ट्रिय भाव ह्रास हुँदै गएको बताए । उनले स्वदेशमै केही गर्न सक्छु भन्ने मनोबल लिएर मुलुकको रूपान्तरणमा आफ्नो महत्व बुझेर स्वदेशमै केही गर्न युवाहरुलाई आग्रह गरे ।

कार्यक्रममा भूमिकास्थान नगरपालिकाका प्रमख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपाली, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख तुवलाल सापकोटा, प्रशिक्षक लिल बहादुर बिकलगायतले युवाहरुलाई अध्ययनसँगै सामाजिक क्षेत्रमा लाग्न र समाजमा आइपर्ने विपत्तिमा सक्रियरुपमा लाग्न आग्रह गरे ।

शेषकान्त घिमिरे (ओसन) को सञ्चालनमा सम्पन्न भएको उद्घाटन सत्रमा नेपाल रेडक्रस सोसाइटी अर्घाखाँचीका कार्यक्रम संयोजक राजेश पाण्डे, भूमिकास्थान नगरपालिका नगरस्तरीय युवा सञ्जालका संयोजक टेकराज भुसाल, विभिन्न शाखाका प्रमुखहरुको आतिथ्यता रहेको थियो । दुई दिनसम्म सञ्चालन हुने तालिममा भूमिकास्थान नगरपालिकाका १० वटा वडाबाट ५० जना युवाहरुको सहभागिता रहेको छ ।

# रौतहटमा युवकको शव फेला

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १असार

रौतहटमा एक युवकको शव फेला परेको छ । जिल्लाको गौर टिकुलियास्थित २० वर्षीय युवक रोहित सहनीको शव फेला परेको हो । घरबाट शौंच गर्न निस्किएका उनको शव घर नजिकैको केराबारीमा फेला परेको रौतहट प्रहरी प्रवक्ता एलिजा गिरीले बताइन् । प्रवक्ता गिरीले घटनास्थललाई सुरक्षा घेराभित्र राखेर अनुसन्धान शुरु गरिएको बताइन् । तर हत्या हो वा होइन अहिले भन्न सकिने अवस्था नरहेको उनको भनाइ छ । यता मृतक सहनीका दाई सञ्जय सहनीले भाइको कुटपिट गरेर हत्या गरिएको आरोप लगाए । उनले भाइको घाँटी थिचेर कुटपिट गरी हत्या गरिएको बताए । शवलाई पोस्टमार्टमको लागि गौर प्रादेशिक अस्पताल लगिएको छ ।

# 'उल्कापात'लाई श्री वागेश्वरी सर्वदा पुरस्कार प्रदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, १ असार

बाँकेको नेपालगञ्जमा रहेका सर्वदा साहित्य सङ्गमको आयोजनामा पुरस्कार अपर्ण, पुस्तक विमोचन तथा रचना वाचन कार्यक्रम सम्पन्न भएको छ ।

साहित्यकार तथा वयोवृद्ध लेखक गणेश जिसीको अध्यक्षमा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य शशीराम कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा ईश्वरी प्रसाद रिजाल 'उल्कापात' लाई श्री वागेश्वरी सर्वदा पुरस्कार-२०८१ अर्पण गरिएको छ।

भीम प्रज्वलद्वारा सञ्चालित कार्यक्रममा खगेन्द्रगिरि कोपिलाद्वारा प्रकाशित १४ औं मुक्तक संग्रह कालध्वनि नामक कृति र साहित्यकार भरत बहादुर रानाभाट प्रकाशित तेस्रो कृति फ्लोरिडाको सेरोफेरो कृतिको विमोचन गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य शशीराम कार्कीले मन्तव्य व्यक्त गर्दै भने, 'सर्वदा साहित्य सङ्गम नेपालगञ्जको यो पहिलो पुरस्कार हो जुन ईश्वरी प्रसाद रिजाल 'उल्कापात' लाई प्रदान गरिएको छ।'

सम्मानित व्यक्तित्व ईश्वरी प्रसाद रिजाल 'उल्कापात' को बारेमा सर्वदा साहित्य सङ्गम नेपालगन्जका अध्यक्ष खगेन्द्रगिरि कोपिला प्रकाश पारेका थिए ।

कालध्वनि कृतिको समीक्षा साहित्यकार तथा समिक्षक चरित्रा शाह र फ्लोरिडाको सेरोफेरो कृति माथि समीक्षा सुमित्रा न्यौपाने गरेकी थिइन् ।

फ्लोरिडाको सेरोफेरो कृतिकार भरत बहादुर रानाले अमेरिका गएको ३१ महिनाको बसाइँको समय बारेमा कृतिमा आफूले त्यहाँ देखेका दृश्यलाई चित्रण गरेका आफ्नो विचारमा व्यक्त गरेका थिए ।

सो अवसरमा सर्वदा साहित्य सङ्गमद्वारा संस्थाको संरक्षकको प्रमाण-पत्र प्रा.डा. जनार्दन आचार्य, बालरोग विशेषज्ञ डा.विजय प्रधान, लक्ष्मी बस्याल, भीम बहादुर शाही, गणेश बहादुर जिसीलाई प्रदान गरिएको छ ।

खगेन्द्रगिरि कोपिलाद्वारा प्रकाशित कृतिहरुमा उस्तै उस्तै नदीका उस्तै उस्तै छालहरु(२०५१, व्यग्र चाँदनी-२०६१, डुबे पनि डुब्दैना घाम-२०६२, आफ्नै छाल आफ्नै किनारा-२०६५, राग वसुन्धरा -२०६६, लहरलहर गन्दै-२०७०, मधु प्रदक्षिणा-२०७१, गजल सञ्चेतना सन्निधि-२०७३, अतीत आमन्त्रण-२०७४, असवीकृत रहर -२०७५, ऋतु दर्शन -२०७६, अश्रु अर्घ-२०७८, महामुनिका पदचाप-२०७९, कालध्वनि-२०८० लगायत १४ वटा कृति प्रकासित भई सकेको छ। साहित्यकार भरत बहादुर रानाभाटद्वारा जिन्दगीको यात्रा (कथासंग्रह) २०७४, नियति (कथासंग्रह) २०७७, फ्लोरिडाको सेरोफेरो (नियात्रा संग्रह) २०८१ प्रकाशित भइसकेको छ । यसरी पुरस्कृति व्यक्तित्व ईश्वरी प्रसाद रिजाल 'उल्कापात'ले विचार राख्दै रचना वाचन गरेका थिए ।

## प्रादेशिक...

सुदूरपश्चिम प्रदेशले आगामी आवका लागि चालुतर्फ ११ अर्ब सात करोड १९ लाख, पुँजीगततर्फ १७ अर्ब ५३ करोड आठ लाख, अन्तरकसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत दुई अर्ब ९२ करोड ७० लाख र वित्तीय व्यवस्थातर्फ १० करोड विनियोजन गरेको छ ।

## सत्ता...

नेतृत्वमा रहेको सरकारको प्रमुख सत्ता साझेदार दल नेकपा एमाले सरकारको कामकारबाहीप्रति असन्तुष्टि जनाइरहेको छ । संसदबाट बजेट पारित गर्ने समय तयारी भइरहेका बेला एमालेले संसदीय दलको बैठक नै राखेर सरकारको कामकारबाहीप्रति असन्तुष्टि जनाएको हो ।

शनिबार संसद भवनस्थित लोत्से हलमा संसदीय दलको बैठक राखेर एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारले विकासका काममा आवश्यक ध्यान दिन नसकेको टिप्पणी गरे ।

उनले एमाले देशलाई गरिबीतिर जानबाट रोकेर विकास गर्न सरकारमा गएको तर विकास नै नभएपछि सन्तोष जनाउने ठाउँ नरहेको टिप्पणी गरेका हुन् ।

'हामी सरकारमा किन भएको भन्दा देशलाई गरिबीतिर जानबाट रोकेर विकासतर्फ अगाडि बढाउनका लागि सरकारमा गएको हो। त्यही चिज हुँदैन भने सन्तोष कसरी मान्ने ?' ओलीले भने ।

ओलीले आफू नेतृत्वको सरकारको समयमा भन्दा अहिले गरिबी बढेको बताए । तीन वर्षअघिको सरकारले गरिबीको रेखामुनि रहेकाहरुको संख्या १७ प्रतिशतमा झारेकामा अहिले बढेर २०.२६ प्रतिशत पुगेको उनले बताए ।

'यो निरपेक्ष गरिबीको रेखामुनि भन्ने कुरा जुन छ, यसलाई ५/७ वर्षभित्र समाप्त गर्न सकिन्छ, धेरै समय लाग्ने विषय होइन, तर यो चालु छ' ओलीले भने, 'हामीले घटाएर १७ प्रतिशतमा झोरेका थियौं । ३ वर्षमा बढेर २०.२६ प्रतिशत पुगेको छ ।'

# सुदूरपश्चिम प्रदेश सरकारको बजेट ३१ अर्ब ६२ करोड

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, १ असार

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि कुल ३१ अर्ब ६२ करोड ९८ लाख ५८ हजार रुपैयाँको बजेट ल्याएको छ । शनिबार प्रदेश आर्थिक मामिला मन्त्री सुरेन्द्र पालले पुँजीगततर्फ १७ अर्ब ५३ करोड ८ लाख ५५ हजार विनियोजन गरिएको जानकारी दिए । त्यस्तै चालु ११ अर्ब ०७ करोड १९ लाख ६३ हजार वनियोजित गरिएको घोषणा गरे । त्यस्तै अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत रु. २ अर्ब ९२ करोड १७ लाख १० हजार र वित्तीय व्यवस्थातर्फ रु. १० करोड हुने गरी विनियोजन भएको छ ।



प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट रु. १ अर्ब ६० करोड, नेपाल सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने अनुमानित रकम रु.९ अर्ब ९९ करोड १९ लाख, संघीय रोयल्टी बाँडफाँट भै प्राप्त हुने रु.४ करोड ४० लाख ५५ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु.८ अर्ब ७२ करोड रहेको छ । चालू आर्थिक वर्षको विनियोजनबाट बचत हुने अनुमानित रकम रु. ६ अर्ब १५ करोड ८३ लाख, सशर्त अनुदानबाट प्राप्त हुने रु.३ अर्ब १३ करोड ३४ लाख, संघीय समपूरक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु. १ अर्ब ४२ करोड र विशेष अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु. ५५ करोड ६० लाख प्राप्त हुने अनुमान गरेको अर्थमन्त्री पालले घोषणा गरेका छन् ।

**निर्वाचन क्षेत्रमा २० करोड विनियोजन**

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजारको बजेट ल्याएको छ । शनिबार आर्थिक मामिला मन्त्री सुरेन्द्र बहादुर पालले प्रदेश सभामा चालूतर्फ ११ अर्ब ६० करोड १९ लाख ६३ हजार, पूँजीगततर्फ १७ अर्ब ५३ करोड ८ लाख ५५ हजार, अन्तर सरकारी वित्तीय व्यवस्थातर्फ २ अर्ब ९२ करोड ७० लाख १० हजार र वित्तीय व्यवस्थापन तर्फ १० करोड विनियोजन गरेको जानकारी दिएका हुन् ।

त्यस्तै सुदूरपश्चिमका ९ जिल्लामा रहेका प्रदेशका ३२ निर्वाचन क्षेत्रमा एउटाका दरले ३२ वटा नमुना विद्यालय बनाईने भएका छन् । प्रत्येक निर्वाचन क्षेत्रमा एक/एक का दरले ३२ विद्यालयको शिक्षामा सुधारका लागि २० करोड विनियोजन गरिएको छ ।

**यस्तो छ मन्त्रालयगत बजेट**

त्यसैगरी सुदुरपश्चिम प्रदेश सरकारले ल्याएको बजेट मध्ये सबैभन्दा बढी पुर्वाधार क्षेत्रमा ल्याएको छ । प्रदेश सरकारले पूर्वाधार निर्माणका लागि पाँच अर्ब ६८ करोड, सामाजिक क्षेत्रका लागि ६ अर्ब ७४ करोड बजेट विनियोजन गरेको छ । ८६ करोडको बजेट स्थानीय तहहरुमा समानीकरण अनुदान र ५६ करोड ससर्त अनुदान दिन बजेट विनियोजन गरिएको छ ।

यसका साथै तीन अर्ब ९ करोडको बजेट भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, २ अर्ब चार करोडको बजेट उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, पाँच अर्ब ६८ करोडको बजेट भौतिक पूर्वाधार विकास मन्त्रालय, ६ अर्ब ७४ करोडको बजेट सामाजिक विकास मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ३८ करोड ६९ लाख बजेट प्राप्त गरेको छ ।

अगामी आर्थिक वर्षका लागि ३१ अर्ब ६२ करोडको बजेट सार्वजनिक गरेको हो । प्रदेश सरकारले ११ अर्ब ७ करोड चालु र १७ अर्ब ५३ करोड पुँजीगत बजेट सार्वजनिक गरेको छ । कुल विनियोजित बजेटमध्ये विकासतर्फ ५५ र चालुतर्फ ४५ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

# बागमती प्रदेश सरकारको बजेट ६४ अर्ब ५४ करोड

**राजकुमार के.सी./मध्यान्ह**
मकवानपुर, १ असार

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँको बजेट सहितको नीति तथा कार्यक्रम शनिबार प्रदेश सभामा प्रस्तुत गरेको छ । यो बजेट चालु आर्थिक वर्षको तुलनामा १ अर्ब ८४ करोड रुपैयाँ बढी हो । बागमती प्रदेशसभामा बजेट प्रस्तुत गर्दै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले यस बजेटले प्रदेशको विकासमा दीर्घकालिन प्रभाव पार्ने बताए ।

कुल बजेटमध्ये चालू खर्चतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पुँजीगत खर्चतर्फ ३६ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ, र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको छ । यसले चालूतर्फ ४०.४४ प्रतिशत, पुँजीगततर्फ ५७.२३ प्रतिशत, र वित्तीय व्यवस्थापनतर्फ २.३२ प्रतिशत बजेट छुट्याएको छ ।

बजेटमा आगामी आर्थिक वर्षको खर्चको स्रोतमध्ये कर राजस्वबाट २७ अर्ब ३८ करोड ५७ लाख रुपैयाँ, अन्य राजस्वबाट ६ अर्ब ५१ करोड रुपैयाँ, सङ्घीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ५७ करोड ६५ लाख रुपैयाँ, चालू आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ८६ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।



बजेटमा प्रदेश सरकारका मन्त्रालयहरूलाई प्राथमिकता र आवश्यकता अनुसार रकम विनियोजन गरिएको छ ।

जस अन्तरगत भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सबैभन्दा बढी २२ अर्ब ६४ करोड रुपैयाँ विनियोजन गरिएको छ । त्यस्तै कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई २ अर्ब ६२ करोड,संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई २ अर्ब ४६ करोड, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयलाई ७२ करोड, वन तथा वातावरण मन्त्रालयलाई ३ अर्ब २१ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई ९३ करोड, स्वास्थ्य मन्त्रालयलाई ४ अर्ब ८ करोड र सामाजिक विकास मन्त्रालयलाई ३ अर्ब ९१ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

युवा तथा खेलकुद मन्त्रालयलाई ७४ करोड, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयलाई ६ अर्ब ९३ करोड, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई ४४ करोड, आर्थिक मामिला तथा योजना मन्त्रालयलाई २४ करोड २ लाख र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई ५० करोड ६४ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

बजेटमा प्रमुख प्राथमिकता शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, तथा स्थानीय विकासलाई दिइएको छ । बजेटले विशेषगरी, साना तथा मझौला उद्यमहरूको विकास, कृषि क्षेत्रको सशक्तिकरण र पर्यटन प्रवर्द्धनका क्षेत्रमा विविध कार्यक्रम तय गरेको छ ।

त्यस्तै बजेटमा प्रदेश सरकारले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न र गुणस्तरीय शिक्षा प्रदान गर्न विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालनमा ल्याउने उल्लेख गरेको छ ।

प्रदेशका नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुधार गर्न, नयाँ अस्पतालहरूको निर्माण र विद्यमान स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गर्ने योजना सरकारले ल्याएको छ ।

कृषि क्षेत्रको सुदृढीकरणका लागि सिँचाइ सुविधा विस्तार, साना सिँचाइ आयोजनाहरूको निर्माण, र कृषकलाई प्रोत्साहन अनुदानमा बजेट विनियोजन गरिएको र दुग्धजन्य उत्पादनहरूको निर्यात प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गरिएको आर्थिक मामिला तथा योजना मन्त्री थपलियाले बताए ।

# लुम्बिनी प्रादेशिक अस्पतालमा अनलाइन टिकट सेवा शुरु

**क्षितिज किरण/मध्यान्ह**
बुटवल, १ असार

लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा ओपीडी सेवाका लागि अनलाइन टिकेटिङ सेवा सञ्चालनमा आएको छ । अस्पतालमा असार १ गतेदेखि घरमै बसेर अनलाइन माध्येमबाट सेवाग्राहीले टिकेट काट्न सक्ने छन् ।

यो सुविधाअन्तर्गत सेवाग्राहीले अस्पतालको मोबाइल एप तथा इन्टरनेट ब्राउजरमा गइ अस्पतालको वेबसाइटबाट अनलाइन टिकट काट्न सक्नेछन् । उपचारका लागि आफूले भेट्नुपर्ने ओपीडी शाखा छनोट गरी आफूले चाहेको मितिका लागि निःशुल्करुपमा टिक काट्न सकिने व्यवस्था गरिएको छ ।




यो सेवालाई केही समयका लागि परीक्षणकालका रुपमा प्रयोग गर्ने र सफल भएपछि नियमितरुपमा थप व्यवस्थित गर्दै लैजाने योजना रहेको अस्पतालका मेडिकल सुपेरिटेन्डेन डा. इन्द्र ढकालले जानकारी दिए । अस्पतालमा टिकटकै लागि सेवाग्राहीले घण्टौंसम्म लाइनमा बस्नु पर्ने बाध्यतालाई अन्त्य गर्न र सेवालाई थप गुणस्तर बनाउन अनलाइन सेवा सुचारु गरिएको उनले बताए ।

अस्पतालको स्वास्थ्य सेवालाई थप गुणस्तर र समयसापेक्ष प्रविधिको प्रयोग गरी सहज पहुँचमा ल्याउनका लागि थप सुविधाहरु विस्तार गर्दै जाने मेसु ढकालले बताए । अस्पतालले शुरु गर्न लागेको अनलाइन टिकट सेवामा बीमा सेवा लिनेहरुका लागि भने तत्काल व्यवस्था रहेको छैन । उनीहरुलाई पनि विस्तारै समेट्ने योजना रहेको ढकालले जानकारी दिए । अस्पतालमा दैनिक २ हजारदेखि २५ सय जनसम्म सेवाका लागि आउने गर्छन् ।

यसैगरी अस्पतालमा नियमित औषधि सेवनका लागि आउने बिरामीहरुलाई मध्यनजर गरी बिहान ८ बजेदेखि नै रिफिल सेन्टर सञ्चालनमा आएको छ । यसअघि बिहान १० बजेदेखि सेवा सञ्चालन हुँदै आएकोमा असार १ गतेदेखि नियमित औषधि सेवा गर्ने बिरामीहरुले ८ बजे नै अस्पतालमा आएर औषधिको सेवा लिन सक्ने अस्पतालका प्रशासकीय प्रमुख राजन केसीले जानकारी दिए ।

# नेता कार्यकर्ताको गुनासो सुन्न कांग्रेस अर्घाखाँचीको घुम्ती बैठक

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ असार

नेपाली कांग्रेस जिल्ला कार्य समिति अर्घाखाँचीको घुम्ती बैठक शितगंगा नगरपालिकाको अमराईमा सम्पन्न भएको छ ।

नेपाली कांग्रेसका जिल्ला सभापति केशव श्रेष्ठको सभापतित्वमा भएको बैठकमा कांग्रेस केन्द्रीय सदस्य पुष्पा भुसालको प्रमुख अतिथ्यता रहेको थियो ।



बैठकमा नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सहमहामन्त्री बिष्णु प्रसाद खनाल मुस्कान, पूर्व कांग्रेस जिल्ला सभापति कमल प्रसाद भुसाल, पार्टीका उपसभापति विष्णु भसाल, शितगंगा नगरपालिकाका नगरप्रमुख छबिलाल पौडेल, पूर्व नगरप्रमुख महाधिवेशन प्रतिनिधि सुर्य प्रसाद अधिकारी, जिल्ला सचिव कृष्णप्रसाद खनाल, अच्युत गौतम, कोषाध्यक्ष बिष्णु क्षेत्री, प्रदेश कार्य समितिका सभापति हेमन्त बेल्वासे, शितगंगा नगर सभापति मोहन पन्थी, कांग्रेसबाट निर्वाचित शितगंगा १४ का वडाअध्यक्ष दामोदर न्यौपाने लगायतको उपस्थिति रहेको थियो । बैठकमा क्रियाशिल सदस्यता वितरण समेत गरिएको सभापति श्रेष्ठले बताए ।

स्थानीय नेता कार्यकर्ताको गुनासो सुन्ने र जनमुखी काम पार्टीले गर्ने उद्देश्यले बैठक ठाउँ-ठाउँमा शुरु गरिएको जिल्ला सभापति श्रेष्ठको भनाइ छ । कांग्रेस अर्घाखाँचीले सबै पालिकामा बैठक गर्ने सभापति श्रेष्ठले बताए । कार्यक्रमको सहजीकरण सचिव कृष्णप्रसाद खनालले गरेका थिए ।

VACANCY ANNOUNCEMENT

HUAWEI

**Huawei Technologies Nepal Company Private Ltd is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions**

**Position** **Project Analyst (Manager)**

**No. of Person required** **1**

**Job Responsibilities**

- Responsible to handle delivery projects with profound knowledge about project management.
- Set budgets for projects and take responsibility for profits and losses of the respective project.
- Correctly assign project tasks among the project team. Make the project team understand the SOW, make feasible plans to coordinate with related department to fulfill the service.
- Provide support and guide junior managers/team leaders to ensure project is delivered within stipulated timeline and budget. Successfully help the project team to overcome difficulties and keep the project operation on the right track.
- Take an active part in exploring opportunities and provide solutions at the pre-sales stage.
- Manage project risks and potential issues and meet contractual requirements by integrating project plans and coordinating resources. Ensure the compliance of relevant regulations of Customers & Huawei.
- Communicate & Coordinate with Head office as and when required.

**Qualification**

- Bachelor Degree in any discipline with good knowledge of Project management.
- Minimum 5 years work experience in related field.
- Should be a team player with a great attitude of being initiative.
- In depth understanding of global telecom industry.
- Should have strong interpersonal capability & leadership skill.
- Good proficiency in English language both spoken & written.

**Interested Candidates for all of the above positions are requested to send Job application, CV and copy of educational certificates at nepal@huawei.com by 23rd June, 2024. Preference will be given to Nepalese citizens.**

# स्याङ्जा सहयोग समाज कतार मातहतको हरिनास गाउँपालिका इकाइले मनायो चौथो वार्षिकोत्सव

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १ असार

नौमती बाजाको पूजा गर्दै सुचारु गरिएको स्याङ्जा सहयोग समाज कतार मातहत रहेको हरिनास गाउँपालिका इकाइले आफ्नो स्थापनाको चौथो वार्षिकोत्सव तथा तेस्रो अधिवेशन भव्य रूपमा सम्पन्न गरेको छ । नौमती बाजा तथा विविध सांगितिक प्रस्तुतिसहित सम्पन्न अधिवेशन इकाइका कार्यवाहक अध्यक्ष चन्द्र विश्वकर्माको सभापतित्व तथा हरिनास गाउँपालिका प्रमुख खिम नारायण मानन्धरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

अधिवेशनको बन्द सत्रबाट सोम प्रकाश मानन्धरको अध्यक्षतामा २२ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको छ । कार्यसमितिको प्रथम उपाध्यक्षमा कुल नारायण मानन्धर, द्वितीय उपाध्यक्ष सुनिल परियार, तृतीय उपाध्यक्ष लोकेन्द्र सिग्देल, महिला उपाध्यक्ष लक्ष्मी हमाल, महासचिव चित्र भुजेल, सचिव होम बहादुर थापा, महिला सचिव कुसुम भुजेल, कोषाध्यक्ष टेक बहादुर थापा सहकोषाध्यक्ष सुरज गुरुङ रहेका छन् ।

कार्य समितिका सदस्यहरूमा दीपक परियार, टिकाराम थापा, तुल बहादुर राना, राजु श्रेष्ठ, तेज प्रसाद भण्डारी, देव भुजेल, रेसम बहादुर लम्साल, दामोदर लम्साल, नरेन्द्र लम्साल, लक्ष्मण रुचाल, जय राम गोतामे, सोम परियार र ललित कुमार रहेका छन् । निर्वाचित कार्यसमितिलाई इकाइका संरक्षक तथा निर्वाचन समितिका संयोजक दीपक कुमार वि.क.ले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए । केक काट्दै पञ्चेबाजा बजाएर विधिवत् उद्घाटन गरिएको कार्यक्रममा कार्यक्रमका संयोजक तथा सचिव चित्र भुजेलले स्वागत मन्तव्य राखेका थिए । सुरज खनालले कार्यक्रममा आमाको महिमाका बारेमा एक कविता वाचन गरेका थिए । लोक तथा दोहोरी गायिका रेग्मी विश्वकर्मा, गायक भुवन परियार, पुकार थापा तथा बाबु कौसल लगायतले आफ्नो गायनद्वारा उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए ।



नृत्यङ्गना विष्णु भुजेलले आकर्षक नृत्य पेस गरिन भने कौशल र सुनुवारले नौमती बाजामा स्वागत गीत गाएका थिए । स्याङ्जा सहयोग समाज कतार मातहत रहेका विभिन्न इकाइका अध्यक्ष तथा समाजका विभिन्न तह-तप्काका पदाधिकारीहरुले शुभकामना मन्तव्य राखेका थिए । वक्ताहरूले गाउँपालिका तथा जिल्लाको विकासप्रति चिन्तासहितको सुझाव र समाजले गरेका कार्यसम्पादन प्रति आ-आफ्ना सुझात्मक धारणा राखेका थिए ।

अधिवेशनमार्फत भलिबल खेलाडी, भलिबल प्रतियोगीतालाई निष्पक्ष रूपमा खेल खेलाउन सहयोग गर्ने रेफ्रिहरु, खेल संयोजक, व्यवस्थापक, पत्रकार, सल्लाहकारहरू, संरक्षक, समाजका अध्यक्ष प्रकाश परियार र कार्यक्रमका प्रमुख अतिथि लगायतलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

अधिवेशनमा सागितिक प्रस्तुति दिने कलाकारहरू तथा नौमती बाजा समूहलाई नगद र सम्मान पत्रद्वारा सम्मान गरिएको थियो । आफ्नो शुभकामना मन्तव्यका क्रममा प्रमुख अतिथि मानन्धरले कतिले भोट हालेर र कतिपयले विभिन्न कोणबाट सहयोग गरेर आफूलाई गाउँपालिका प्रमुख बनाएको बताउँदै सरकारले गर्न नसकेका कामहरू प्रवासबाट सहयोग गरेको आफूले देखेको हुँदा आफू कतारमा रहेका हरिनास तथा स्याङ्जावासीलाई भेट्न दोस्रो पटक कतार आएको बताए । हरिनासका हरेक दुःखमा कतारबाट गरेको सहयोगले मै हुँ भन्नेलाई गतिलो झापड दिएको बताए । उनले कतारबाट आएको भन्दा गाउँमा हेर्ने दृष्टिकोण फरक रहेपनि कतारमा रहेको हरिनास इकाइ उत्कृष्ट स्थानीय सरकार रहेको बताए । मानन्धरले अहिले ठूलो घर किन्ने, धेरै सम्पत्ति जोड्ने लहड लागेको बताउँदै प्रवासमा एक जनाले आम्दानी गर्दा गाउँमा १० जना बसेर खाने प्रवृत्तिले गाउँका खेतबारी बाँझो रहने गरेको हुँदा सबै जनता बजारमुखी प्रवृत्तिबाट माथि उठ्न आवश्यक रहेको बताए ।

उनले स्थानीय सरकारसँग पनि प्रयाप्त बजेट नहुँदा सोचेझैं विकास गर्न नसकेको बताए । उनले आफू हरिनास इकाइको स्थापनादेखि नै जोडिएको हुँदा अधिवेशनबाट बन्ने नयाँ कार्यसमितिले थप रचनात्मक काम गर्ने विश्वास व्यक्त गर्दै शुभकामना दिए । इकाइका महासचिव सुनिल परियारले २ वर्षे कार्यकालको प्रगती विवरण पेस तथा कार्यक्रमको सहजीकरण गरेका थिए । अधिवेशनको खुल्ला सत्रको समापन गर्दै सभापति विश्वकर्माले कार्यक्रम सफल बनाउन आर्थिक, नैतिक भौतिक सहयोग गर्नुहुने सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आफू तेस्रो र चौथो दुवै अधिवेशनमा सभापति बन्न पाउने भाग्यमानी व्यक्ति बनेको भन्दै खुसी व्यक्त गरे ।



मध्यान्ह
www.madhyanhadaily.com
२ असार २०८१, आइतबार
16 June 2024, Sunday

## सम्पादकीय

### दीर्घकालीन सुधारमा जोड

अमेरिका र वेष्ट इण्डिजमा जारी टी-२० विश्वकपमा नेपालले शनिबार टेष्ट राष्ट्र दक्षिण अफ्रिकालाई हराएर कीर्तिमान रच्ने अवसर गुमाएको छ । पहिलो खेल नेदरल्याण्ड्ससँग पराजित नेपालले दोस्रो खेला श्रीलंकासँग अंक बाँडेको थियो । तर समूह डीमा रहेको नेपालले आफ्नो तेस्रो खेलमा दक्षिण अफ्रिकालाई बलियो चुनौती दियो । टस जितेर पहिले फिल्डिङ रोजेको नेपालले दक्षिण अफ्रिकालाई ११५ रनमै रोक्न सकेको थियो । जवाफी ब्याटिङमा नेपाल जित उन्मुख भइसकेको थियो । तर अन्तिम तीन ओभरमा नेपालले लगातार विकेट गुमाउँदै इतिहास रच्ने अवसर गुमायो । यदि दक्षिण अफ्रिकालाई हराएको थियो भने नेपालले विश्वकपमा टेष्ट राष्ट्र हराउने मात्र नभएर अर्को विश्वकपमा स्वतः छनोट हुने थियो । तर एक रनले पराजित भएसँगै नेपालले धेरैवटा अवसर एकैपटक गुमाएको छ ।

यो पराजयलाई लिएर अनेक टिप्पणी भइरहेको छ । अन्तर्राष्ट्रिय जगतमा नेपालले धेरै राम्रो चुनौती दिएको टिप्पणी भइरहँदा नेपालमा भने मिश्रित धारणा देखिन्छ । कतिपयले खेलाडीहरूको कमजोरीलाई लिएर आलोचना गरिरहेका छन् भने कतिपयले प्रशंसा गरिरहेका छन् । तर प्रशंसा वा आलोचना तत्कालको आवेशजन्य प्रतिक्रिया मात्रै हो । क्रिकेटको क्षेत्रमा आवश्यक सुधार र खेलाडीहरूको वृत्ति विकास चाहिँ दीर्घकालीन विषय हो । शनिबारकै खेल हेर्दा पनि नेपालले थुप्रै सुधार गर्नुपर्ने देखिन्छ । मुख्य सुधार पूर्वाधार विकासमै आवश्यक देखिन्छ । किनकि विश्वकपको प्रतिस्पर्धामै नेपालका अधिकांश खेलाडीले फ्लड लाइटमा पहिलोपटक खेले । अधिकांशले अहिलेसम्म रातको समयमा खेलेका थिएनन् ।

तर यसतर्फ नेतृत्वले आवश्यक ध्यान दिएको देखिएन । क्रिकेटप्रेमीहरूको मन जित्न सामाजिक सञ्जालमा लेख्ने होडमा उत्रिएका राजनीतिक नेतृत्वले अहिलेसम्म देशमा एउटा मात्र पनि फ्लड लाइट भएको क्रिकेट मैदान निर्माणमा ध्यान दिएका छैनन् । त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान कीर्तिपुरमा समेत अहिलेसम्म सरकारले फ्लड लाइट जोड्न सकेको छैन । कीर्तिपुर जस्तो अर्को स्टुडियम तयार पार्न सकिएको छैन । खेलाडीले पारिश्रमिक र पुरस्कारकै राशी लिन नसकिरहेको परिस्थिति छ । यस्तो बेला टेष्ट राष्ट्रलाई हराएको सपना देख्नु स्वभाविक होइन । तर क्रिकेटकै कारण सिंगो देश एकताबद्ध बनेको छ भने संसारभर देशको नाम फैलिएको छ । त्यसैले क्रिकेटको विकासका लागि दीर्घकालीन योजनातर्फ ध्यान दिन आवश्यक छ । आवेशजन्य प्रतिक्रियामा अल्मलिएर बस्ने होइन ।

# समृद्धि रोज्ने कि समाजवाद ?

*हाम्रो समाजमा समाजवादको आफू अनुकूल व्याख्या गरेर घुमिफिरी पुँजीवादी व्यवस्थामा पुऱ्याउनेहरूको बोलवाला छ । वर्ग संघर्ष होइन उनीहरू मेलमिलाप, सहयोग, सहकार्यमा जोडबल दिने गर्छन् । वास्तविकता यो हो कि यही शैलीले झनै उत्पीडन, शोषण, अन्योल र अराजकता बढ्दो छ ।*

अग्रलेख



● फणीन्द्र फुयाल 'ज्वाला'

संविधानतः नेपाल समाजवादउन्मुख राष्ट्र हो । समाजवादको एजेन्डा बिना अबका कुनै पनि राजनीतिक दल टिक्न र जनताको बिचमा बिक्न सक्दैनन् । समाजवादी क्रान्ति अहिलेको आवश्यकता नै हो भन्दा फरक नपर्ला । तर, नेपालका केही कम्युनिष्ट पार्टीमा दक्षिणपन्थी अवसरवाद मौलाएको, केही नेताहरूले बेला-बेलामा आरोपसमेत लगाउने गरेका छन् । देशको हरेक क्षेत्र, वर्ग, समुदाय, पेशा आदिको समानुपातिक विकासका लागि समाजवाद अपरिहार्य छ ।

सबै राजनीतिक दलले अब समाजवादलाई मुख्य विषय बनाउनुपर्छ । समाजवादले आम नागरिकका समस्या र गुनासो सम्बोधन गर्नुपर्छ । संघीय शासन व्यवस्थामा तीन वटै तहका सरकारले समाजवादी कार्यक्रमहरू ल्याएर नागरिकलाई सहजरूपमा सेवा प्रवाह गर्नुपर्छ । मुलुकको समाजवाद र समृद्धिका लागि सरकारले कृषि, ऊर्जा र सूचना प्रविधिलाई अझ बढी प्राथमिकता दिनु आवश्यकता छ । अहिले समृद्धिको योजनामा हाम्रो मुख्य आधार नै कृषि हो । कृषिका कार्यक्रम कसरी चलाउने भन्ने रणनीतिक योजना, नीति र कार्यक्रम मिहीन ढंगले अध्ययन तथा अनुसन्धान गरेर तीन तहकै सरकारले उत्पादनमा ध्यान दिनुपर्छ । त्यसपछि हस्तक्षेपकारी आयोजनाका रूपमा ऊर्जालाई लिनुपर्छ । ऊर्जाको उत्पादन वृद्धि गरेर देशलाई समृद्ध बनाउन कसरी सकिन्छ भनेर त्यसतर्फ केन्द्रित हुनुपर्छ । त्यसैगरी सरकारले हस्तक्षेपकारी योजनामा सूचना र प्रविधिलाई अगाडि सार्न जरुरी छ । आजको सूचना प्रविधिको युगमा बाढी जसरी बगिरहेका सूचनामध्ये कुन सही र सत्य सूचना हो भनेर त्यसलाई सही ढंगले जान्न, बुझ्न, टिप्न, ग्रहण र प्रयोग गर्न जरुरी छ ।


समाजवाद र समृद्धिका लागि राष्ट्र र जनताको हितमा हुनेगरि मात्रै वैदेशिक सहायता भित्र्याउन सामाजिक संघ, संस्थालाई सचेत गराउनु आजको अर्को आवश्यकता हो । हामीले उत्पादनमा वृद्धि हुनेगरि सहायता रकम परिचालन गर्न जरुरी छ । निरंकुशतन्त्र हटाएर लोकतन्त्र, राजतन्त्र मिल्काएर गणतन्त्र, एकात्मक राज्यको पुनर्संरचना गरेर संघीय राज्य प्रणाली स्थापना सँगसँगै अब नेपालमा पुँजीवादी क्रान्ति गर्ने कि समाजवादी क्रान्ति ? यो नै अहिलेको मुख्य राजनीतिक बहसको विषय बनेको बेलामा राज्य सञ्चालन गर्ने वैद्यानिक अधिकार पाएका, पार्टीको नेतृत्व गर्ने जिम्मेवारी बोकेका मुख्य नेताहरूको एकपछि अर्को गल्ती गर्ने, कम्युनिष्ट पार्टीको नीति र आदर्श विपरीत जथाभावी बोल्ने, जे मन लाग्यो त्यही गर्ने, सत्ता र शक्तिको दुरुपयोग गर्ने कुनै अधिकार उहीहरूलाई छैन । यसले समाजवाद र समृद्धिमा धक्का पुऱ्याउँछ । संविधानको समाजवादउन्मुख प्रावधानअनुसार सरकार र जनता सम्पन्न हुने केही पश्चगामी ऐनहरू परिवर्तन गरेर नयाँ समय सान्दर्भीक बनाउनु पर्दछ । सरकारको वरिपरी बस्ने मुठीभर मानिसहरू सम्पन्न हुने ऐन बनाउनु समाजवादउन्मुख होइन ।

समृद्धि यस्तो अवस्था हो, जहाँ जनता सम्पन्न हुन्छन् । उनीहरूसँग पैसा हुन्छ, अधिकार हुन्छ । यसका लागि उत्पादन वृद्धि र रोजगारी सिर्जना हुनुपर्छ । तर, राजनीतिमा परिभाषा पक्षपातपूर्ण छ । कम्युनिष्टहरूले भन्ने र पुँजीवादीहरूले भन्ने आशय फरक छ । समृद्ध राज्य भनेको शान्ति र समृद्धिसहितको राज्य हो । समृद्धिका दुई आयाम हुन्छन्, पहिलो, सम्पत्ति आर्जनबाट प्राप्त हुने समृद्धि । दोस्रो, परम्परागत सम्पत्तिको उपयोगबाट प्राप्त हुने समृद्धि । अर्थशास्त्रीहरूले गार्हस्थ उत्पादन नै समृद्धिको मुख्य सूचक हो भनेका छन् । पश्चिमा विद्वानहरूले मूलतः आर्थिक सबलतालाई समृद्धि ठान्छन् । तर, हामी नेपालीहरू समृद्धिलाई सौभाग्य, कुशल, यश, प्रताप, विजय, सफलता आदि भनी बुझ्छौं, जान्दछौं ।

त्यसोभए अब हामीले के रोज्ने ? हामीले समृद्धि र समाजवाद दुवै रोज्ने । किनभने, मान्छे सोच्छन्, समृद्धि बिना समाजवाद सम्भव छैन । समाजवादबिना समृद्धि सम्भव छैन । तर, सबै समृद्धि समाजवादतिर जाँदैनन् । समृद्धि र समाजवादले सबै बेलामा एकअर्कोलाई परिपूरण गर्दैनन् । यिनीहरूबीच टकराव पनि हुन्छ, जसबाट भनेजस्तो नतिजा नआउन सक्छ । विश्वमा धेरै देश समृद्ध छन् । तर, ती समाजवादी होइनन् । जस्तो कि, अरब मुलुक समृद्ध छन् । तर, त्यहाँ विभेद बढी छ । महिला दोस्रो दर्जामा छन् । मानव अधिकार र लोकतन्त्र कमजोर छ । धनी र गरिबबीचको असमानता तीव्र छ । धार्मिक अन्धता छ । अमेरिका समृद्ध छ तर, त्यो समाजवादी मुलुक होइन । कतिपय देशहरू त्यति धेरै धनी छैनन् । तर, सामाजिक न्याय, लोकतन्त्र र मानव अधिकार बलियो छ । किनभने, ती समाजवादी छन् । हामी कस्तो बन्ने ? मूल प्रश्न यही हो ।

वैज्ञानिक समाजवाद अर्थात् कम्युनिज्मका सूत्रधार स्वयम् कार्ल मार्क्सले भनेका छन्, "सम्पत्ति बिना उत्पादन हुन सक्दैन, तसर्थ निजी सम्पत्ति खासरूप हो । जबकि इतिहासको सम्पत्ति आधारभूत हुन् ।" मार्क्सको विचारमा पुँजी र पुँजीपति हुनु नराम्रो होइन । पुँजीपति हुनुको तात्पर्य व्यक्तिगत मात्र होइन, बरु सामाजिक स्थान ग्रहण गर्नु पनि हो । पुँजी एक सामूहिक उपज हो । समाजका अनेक सदस्यहरूको प्रयासले मात्र, अन्त्यमा समाजका सबै सदस्यहरूको प्रयासले मात्र त्यसलाई गतिशील तुल्याउन सकिन्छ ।

> *समृद्धि यस्तो अवस्था हो, जहाँ जनता सबै हिसाबले सम्पन्न हुन्छन् । उनीहरूसँग पैसा हुन्छ, अधिकार हुन्छ । यसका लागि उत्पादन वृद्धि र रोजगारी सिर्जना हुनुपर्छ । तर, राजनीतिमा परिभाषा पक्षपातपूर्ण छ । कम्युनिष्टहरूले भन्ने र पुँजीवादीहरूले भन्ने आशय फरक छ ।*



हाम्रो समाजमा समाजवादको आफू अनुकूल व्याख्या गरेर घुमिफिरी पुँजीवादी व्यवस्थामा पुऱ्याउनेहरूको बोलवाला छ । उनीहरूको वर्ग संघर्ष होइन, 'मेलमिलाप, सहयोग, सहकार्य'मा जोडबल हुनेगर्छ । वास्तविकता यो हो कि अहिले झनै उत्पीडन, शोषण, अन्योल र अराजकता व्याप्त छ । राज्य-पार्टीका संयन्त्र जनताको आँखामा, मनमा भ्रष्ट र पदलोलुप देखिन्छन् । भलै कतिपय राज्य, सरकार प्रमुख अधिकारी र दलका नेताहरूका कम बेसी असल, नैतिकवान र जनपक्षीय होलान् । यही कारणले पनि सामाजिक विकल्प अनिवार्य छ । वर्गीय समाजमा व्यवस्था पनि वर्गीय हुन्छ । पुँजी र निजी सम्पत्तिको अस्तित्व समाजमा स्थापित भए सँगसँगै वैकल्पिक सामाजिक समाज पनि अस्तित्वमा रही आएको छ । आज पनि पुँजीको प्रभुत्व र राज्यको विस्तार नपुगेको गाउँ-ठाउँमा परम्परादेखिको सामाजिक समुदायको समाज अस्तित्वमा छन् ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

सरकारमा छौं, सत्तामा छैनौं, धेरै पुरानो न्यारेटिभ हो । हिजो एमाले त्यही भन्थ्यो, माओवादी त्यही भन्थ्यो । लोकतन्त्रमा सरकारभन्दा बाहिर अर्को कुनै सत्ता हुँदैन । सरकारमा गएर सिन्को भाँच्न नसक्ने अवसरवादीहरुले आफ्नो असफलताको अपजसबाट जोगिन जनताको आँखामा छारो हालेको मात्रै हो ।



**- विष्णु ढकाल**

मुलुकको अवस्था यस्तो बनाइयो कि कुनै रचनात्मक काम जनहितमा केही गर्नुपर्ने झन्झटबाट सरकार पूरै मुक्त भयो । सबैको अपेक्षा थोरै भएपनि भ्रष्टाचार तस्करी अनियमितता कम भए हुन्थ्यो, केही पुराना फाइल खोलेर कारबाही गरिदिए हुन्थ्यो भन्ने छ । उपलब्धि भन्या थोरै भएपनि राष्ट्रको ढुकुटी बचाइदेऊ ।



**- सूर्यराज आचार्य**

सामान्यतः 'पपुलिजम' राम्रो कुरा हैन । तथापि, नेपालको राजनीतिमा हाल देखिएको पपुलिजम परम्परागत अर्थको पपुलिजम मात्र नभएर मुलुकको राजनीतिमा विकल्प आओस् भन्ने आम नागरिकको आकांक्षाको प्रतिबिम्ब पनि हो । यथास्थितीलाई पक्षपोषण गर्ने 'चोट्टा' प्रवृत्ति यस्तो पपुलिजमभन्दा झनै घातक हुन सक्छ ।



**- बिमल पोखरेल**

गगन थापाले प्रदेशहरू अदालतले चलाएको भनेछन् । केही दिन अगाडि सर्वोच्चका न्यायाधीश हरि फुयालले हामी कानूनका विद्यार्थी माझ भनेका थिए, तिनीहरू आफै विवाद मिलाउन्, सर्वोच्च नआउन् । सबै विवाद बोकेर अदालत आउने अनि सर्वोच्चले राजनीतिमा हात हाल्यो भन्ने ? आएपछि बोल्नैपर्छ, फैसला गर्नैपर्छ !

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | राजकीय कार्यमा वृद्धि हुनेछ । नयाँ सम्पर्क बढ्नेछ । |
| वृष : | रचनात्मक कार्यमा सफलता मिल्नेछ । मनोरञ्जन बढ्ने योग छ । |
| मिथुन : | कार्य सफल हुने योग छ । नौलो कार्यमा प्रगति हुनेछ । |
| कर्कट : | प्रतिष्ठामा वृद्धि हुने योग छ । राम्रो आय प्राप्त हुनेछ । |
| सिंह : | शत्रु कमजोर हुनेछन् । वाणी संयम र धैर्य जरुरी छ । |
| कन्या : | स्वास्थ्य लाभको योग छ । विद्यार्थीहरूको कार्यमा प्रगति हुनेछ । |
| तुला : | विनम्रतासित कार्य गर्न राम्रो हुनेछ । सन्तान सुखमा वृद्धि हुनेछ । |
| वृश्चिक : | मुद्दा जित्ने योग छ । जनसम्पर्कमा वृद्धि हुनेछ । |
| धनु : | यश र प्रभाव बढ्नेछ । धैर्य राखेर मात्र सफलता मिल्नेछ । |
| मकर : | कुनै पनि कार्यमा हतार गर्नु हुँदैन । सोंचेको काम पूरा हुनेछ । |
| कुम्भ : | पराक्रममा वृद्धि हुनेछ । धन प्राप्ति हुने योग छ । |
| मीन : | कार्यहरूमा अनुकूल प्रगति हुनेछ । जिद्दी नगर्नु होला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बजेट, संसद र राजनीति

विचार



● योगेशकुमार भट्टराई

### संसदको प्रक्रिया र बजेट

हामीले संसदीय व्यवस्था अवलम्बन गर्दै आएका छौं । संयुक्त अधिराज्य बेलायत र भारतका ढाँचाहरूलाई नै लिँदै आएका हौं । संसदीय व्यवस्था एउटा लामो र लोकतान्त्रिक प्रक्रिया पनि हो । यसमा चाहेको बेलामा काम नहुन सक्छ । बेलायतमा पाँच सय वर्ष अगाडि सुरु भएको यो व्यवस्थालाई अवलम्बन गरिरहँदा संसद सञ्चालनका कतिपय प्रक्रियामा पुनः विचार गर्नुपर्छ भन्ने देखिन्छ ।

संसदमा औपचारिकता नभई जीवन्त छलफल हुने स्थिति हुनुपर्छ । नीति, कार्यक्रम र बजेटमा संशोधन गर्नै मिल्दैन, संशोधन गर्दा सरकार असफल हुन्छ भन्ने मान्यता राखिन्छ । सांसदहरूबाट आएका कुरामा हुन्छ र हुन्न भन्ने आधारमा पारित नगरेर नीति तथा कार्यक्रममा प्रधानमन्त्री र बजेटमा अर्थमन्त्रीले बहुसंख्यक सांसदले दिएका यी यी विषय म समावेश गर्छु भन्दा हुन्थ्यो । विधेयकहरू आउँछन्, सम्बन्धित समितिमा जान्छन् । विषयगत समितिमा चाहिँ घनीभूत छलफल हुन्छ । प्रस्तुत हुने मन्त्री तयार भएमा विधेयकमा समितिमा आएका राम्रा र धेरै कुरा परिमार्जन गर्न सकिन्छ । तर, त्यसो भइरहेको छैन ।

अहिलेको सरकार पनि संयुक्त खालको छ । संयुक्त सरकारको न्यूनतम् साझा कार्यक्रम छ, त्यसले बजेट निर्माणमा मार्गदर्शन दिनसक्छ । हामीसँग दिगो विकास लक्ष्य, सोह्रौं योजनाका दस्तावेज र पार्टीका चुनावी घोषणापत्रहरू छन् । यी सबै बजेट निर्माणका आधारहरू हुन् । सत्ता साझेदार दलहरूबीच मात्रै होइन प्रतिपक्षी दलसँग पनि राम्रोसँग छलफल गरेर बजेट ल्याउँदा राम्रो हुन्थ्यो । तर, त्यतातिर प्रयत्न हुन सकिरहेको छैन । नीति तथा कार्यक्रममा पर्याप्त छलफल नभएको कुरा स्वयम् प्रधानमन्त्रीबाट स्वीकार भएको छ । यसलाई प्राप्त सुझावका आधारमा कार्यान्वयन गरेर जाने कुरा हुनुपर्छ ।

### प्राथमिकतामा पर्नुपर्ने एजेन्डा

संविधान जारीपछिको पहिलो व्यवस्थापिका संसदबाट हामीले धेरै कानुनहरू बनायौं । यसबीचमा ती कानुनमाथि पनि अभ्यासको अनुभवका आधारमा संशोधन आवश्यक भइसकेको छ । हामीले संघीयता कार्यान्वयनका सवालमा बाँकी आवश्यक कानुनहरू पनि बनाउनु पर्नेछ । यस सन्दर्भमा सरकार अलमलमा रहनु हुँदैन । सरकारले छिटोभन्दा छिटो विधेयक ल्याओस् भन्ने हामीले चाहेका छौं । केही विधेयक, जस्तैः निजामतीसम्बन्धी र विद्यालय शिक्षासम्बन्धी विधेयक आएका छन् । ती विषयगत समितिमा छलफलमा छन् । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पनि समितिमा सहमतिबाट पारितको चरणमा रहेको छ । हामीले बनाएका तीन तहका सरकारहरू कति औचित्यपूर्ण र कार्यान्वयनमुखी छन्, त्यसको लेखाजोखा गर्नुपर्छ । हामीले लोकतान्त्रिक विधिलाई अवलम्बन गर्दै छिटोछरितो ढङ्गले जान सकिने कानुनी र शासकीय प्रबन्ध गर्नुपर्छ ।

### संविधान र शक्ति पृथकीकरण

हाम्रो संविधान विश्वका एक उत्कृष्टमध्येको संविधान हो । राज्यका तीन अङ्गका बीचमा शक्ति सन्तुलनको सिद्धान्तलाई पालना गर्दै यी अङ्गहरू सञ्चालन हुन् भन्ने हाम्रो संविधानको मर्म हो । कतिपय सन्दर्भमा न्यायालयबाट न्यायिक सक्रियता बढी भएको हो कि भन्ने लाग्छ । न्यायालयले परमादेशहरू जारी गर्दा संसद्को विशेषाधिकार हनन् भयो कि भनेर कुरा आएको छ । कानुन बनाउने काम संसद्को हो, तीन कानुन संविधानसँग बाँझिएका छैनन् भने तीनमाथि न्यायालयबाट कुनै टिप्पणी आउनु हुँदैन ।

कुनै दलको बहुमत नभएको अवस्थामा प्रदेशसभाका हरेक विवादका मुद्दाहरू न्यायालयमा पुगिरहेका छन् । एकै खालका घटनामा फरक-फरक फैसला पनि आउने गरेको छ । कार्यक्षेत्रमा हस्तक्षेप भएको अनुभव पनि भएको छ । त्यसकारण हामीले आफ्नो आफ्नो कार्यक्षेत्रमा रहेर काम गर्न सकेमा लोकतन्त्र र संघीयता सुन्दर हुन्छ र अझ समन्वयात्मकरूपमा अगाडि जान्छ ।

### मध्यावधिको चर्चा

मुलुकलाई मध्यावधिमा लाने स्थिति नआओस् र राजनीतिक स्थिरता होस् भन्ने सबैको चाहना हो । अहिले मुलुक मध्यावधिमा जान आर्थिक र मानसिकरूपमा तयार छैन । २०८४ सालको निर्वाचनसम्म यो समीकरणलाई कायम राख्ने भन्ने उद्देश्यमा सबै एक ठाउँ आउनुपर्छ । कुनै पनि दलको बहुमत नआएको अवस्थामा गत निर्वाचनपछि दुई ठूला दल मिलेर सरकार बनाउने कुरा नउठेको होइन । कांग्रेस र एमाले मिलेर सरकार बनाउँदा हुन्छ भनेर कुरा आएकै हो । जसमा केही विषयले सहमति बन्न सकेन । त्यसबेला तेस्रो दलका नेताको नेतृत्वमा सरकार बन्ने परिस्थिति बन्यो । राष्ट्रपतिको निर्वाचनसम्म आइपुग्दा एमाले र माओवादीको सहयात्रामा दरार उत्पन्न भई कांग्रेसले यही सरकारलाई समर्थन गऱ्यो । कांग्रेस र माओवादीबीच संकट आएपछि अहिले एमालेले सरकारलाई साथ दिएको छ । अहिले पनि ठूला दल मिलुन् भन्ने कुरा आइरहेको छ तर, दुई ठूला दल जो एउटा सरकार र एउटा विपक्षीमा रहनुपर्छ, तिनीहरू नै मिल्दा शक्ति सन्तुलन र नियन्त्रणको सन्दर्भमा असर गर्न सक्छ भन्ने तर्क पनि उत्तिकै जबर्जस्तरूपमा छ ।

*(भट्टराईको विचार, कुराकानीमा आधारित छ ।)*

# अमेरिकाद्वारा युक्रेनका लागि एक अर्ब ५० करोड डलर सहायता घोषणा

**काठमाडौं/एजेन्सी-** अमेरिकाले युक्रेनका लागि एक अर्ब ५० करोड डलरको नयाँ सहायता घोषणा गरेको छ। उपराष्ट्रपति कमला ह्यारिसले शनिबार रुसी आक्रमणको दुई वर्षभन्दा लामो समयपछि मुख्यरूपमा युक्रेनको ऊर्जा क्षेत्र र मानवीय सहायताका लागि उक्त सहयोग घोषणा गरिन् ।

स्विट्जरल्यान्डको लक्जरी बर्गेनस्टक माउन्टेन रिसोर्टमा दुई दिने शान्ति शिखर सम्मेलनमा सहभागी भएकी ह्यारिसले उक्त सहायतामा ५० करोड डलर नयाँ कोष समावेश भएको जानकारी दिइन् ।

यसअघि घोषित युएसएआइडी कोषमा थप ३२ करोड ४० लाख डलर पनि आपत्कालीन ऊर्जा आवश्यकताहरू पूरा गर्नका लागि पुनःनिर्देशित गरिनेछ ।

'यो कोषले युद्धमा क्षतिग्रस्त ऊर्जा पूर्वाधारको मर्मत गर्नेछ, विद्युत् उत्पादनको विस्तार गर्नेछ, निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्नेछ र ऊर्जा पूर्वाधारको संरक्षण गर्नेछ,' उपराष्ट्रपति ह्यारिसले एक वक्तव्यमा भनिन्, 'यी प्रयासहरूले युक्रेनलाई मर्मत र पुनरप्राप्तिको समर्थन गरेर, ऊर्जा आपूर्ति व्यवधानप्रति युक्रेनको लचिलोपनमा सुधार गरेर र ऊर्जा प्रणालीको मर्मत तथा विस्तारका लागि आधार तयार गरेर उसको पूर्वाधारमा रुसको पछिल्लो आक्रमणलाई जवाफ दिन सहयोग प्राप्त हुनेछ ।'




युएसएआइडी र विदेश मन्त्रालयको नयाँ प्याकेजमा ३७ करोड ९० लाख डलरभन्दा बढी मानवीय सहायता सामेल छ । 'यसले युक्रेनी जनताविरुद्ध रुसको क्रुर युद्धबाट प्रभावित शरणार्थीहरू, आन्तरिकरूपमा विस्थापितहरू र द्वन्द्व-प्रभावित समुदायहरूको तत्कालको आवश्यकता पूरा गर्न मद्दत गर्नेछ,' ह्यारिसले भनिन् । उनका अनुसार कांग्रेसको समर्थनमा विदेश मन्त्रालयले युक्रेनी नागरिक सुरक्षा सहायतामा थप ३० करोड डलर प्रदान गर्नेछ ।

'यो समर्थनले उनीहरूलाई युक्रेनी क्षेत्रको रक्षा गर्न, क्रेमलिनको आक्रमणबाट लक्षित नागरिकलाई बचाउन, महत्वपूर्ण पूर्वाधारको संरक्षण गर्न र युद्ध अपराध तथा अन्य अत्याचारका एक लाख २० हजारभन्दा बढी दर्ता भएका मुद्दाहरूको अनुसन्धान गर्न सुरक्षितरूपमा युद्धको अग्रमोर्चामा काम गर्न सहयोग गर्नेछ,' उपराष्ट्रपति ह्यारिसले भनिन् ।

# चीनमा तटरक्षासम्बन्धी नयाँ नियम लागू



**काठमाडौं/एजेन्सी-** चीनमा शनिबारदेखि लागू हुने नयाँ चीन तटरक्षा सम्बन्धी नियमले अधिकारीहरूलाई दक्षिण चीन सागरको विवादित क्षेत्रमा विदेशीहरूलाई बिना कुनै परीक्षण ६० दिनसम्म हिरासतमा राख्न अनुमति दिने भएको छ ।

बेइजिङले अनलाइन प्रकाशित गरेको नियमअनुसार चीनको तटरक्षकले शनिबारदेखि सीमा प्रवेश र निकासको व्यवस्थापन उल्लंघन गरेको शंकामा विदेशीहरूलाई हिरासतमा लिन सक्नेछ ।

'जटिल मामिलाहरूका लागि ६० दिनसम्म हिरासत अवधिको अनुमति छ, र यदि बन्दीहरूको राष्ट्रियता र पहिचान अस्पष्ट छ भने, जाँचका लागि हिरासतको अवधि उनीहरूको पहिचान निर्धारण भएको दिनदेखि गणना गरिनेछ, अवैधरूपमा चीनको क्षेत्रीय पानी र छेउछाउमा प्रवेश गरेका विदेशी जहाजहरूलाई नगरपालिका तटरक्षक एजेन्सी वा प्रमुख तटरक्षक एजेन्सीको स्वीकृति लिएर कानूनअनुसार हिरासतमा राख्न सकिनेछ,' नियममा उल्लेख गरिएको छ ।

बेइजिङले पानीमा गस्ती गर्न तटरक्षक र अन्य डुंगाहरू तैनाथ गरेको छ र धेरै चट्टानहरूलाई सैन्यकृत कृत्रिम टापुहरूमा परिणत गरेको छ । फिलिपिन्सले चिनियाँ तटरक्षकलाई फिलिपिन्सका जहाजहरू विरुद्ध अमानवीय व्यवहार गरेको आरोप लगाएको छ । राष्ट्रपति फर्डिनान्ड मार्कोसले यस महिना दक्षिण चीन सागरमा अवैध, जबरजस्ती, आक्रामक र भ्रामक कार्यहरू गरेको आरोप लगाएका छन् ।

विदेश मन्त्रालयका पूर्व प्रवक्ता वाङ्ग वेनबिनले नयाँ नियमहरूको उद्देश्य तटरक्षक एजेन्सीहरूको प्रशासनिक कानून-प्रवर्तन प्रक्रियाहरूलाई मानकीकरण गर्ने र समुद्रमा व्यवस्थालाई सुधार गर्ने रहेको बताए। 'व्यक्ति र संस्थाहरूले कुनै पनि गैरकानुनी काम नगरेसम्म चिन्ता गर्न आवश्यक छैन,' वाङले भने ।

# अस्ट्रेलियासँगको मतभेद हटाउन चिनियाँ प्रधानमन्त्री लीको आग्रह



**काठमाडौं/एजेन्सी-** चीनका प्रधानमन्त्री ली छ्याङले शनिबार आर्थिक अवसरहरूको वाचामा केन्द्रित भ्रमणको सुरुआत गर्दै अस्ट्रेलियासँगको 'मतभेदहरू हटाउन' आह्वान गरेका छन् ।

चारदिने कूनीतिक भ्रमणका लागि एडिलेडमा अवतरण गरेपछि प्रधानमन्त्री लीले चीनद्वारा प्रमुख अस्ट्रेलियाली निर्यातहरूविरुद्ध दण्डात्मक व्यापार प्रतिबन्ध हटाएसँगै मेलमिलापको प्रस्ताव गरे ।

'पारस्परिक सम्मान र साझा आधार खोज्दै मतभेदहरू मेटाउने चीन-अस्ट्रेलिया सम्बन्धमा पारस्परिकरूपमा लाभदायक सहयोगका रूपमा रहेको बहुमूल्य अनुभवलाई अगाडि बढाउनुपर्छ,' उनले लिखित आगमन वक्तव्यमा भने, 'अधिक परिपक्व, स्थिर र फलदायी व्यापक रणनीति साझेदारी दुवै मुलुकका जनताद्वारा साझा गरेको खजाना हुनेछ ।'

राष्ट्रपति सी जिनपिङपछि चीनको दोस्रो सबैभन्दा शक्तिशाली नेता ली संसाधन सम्पन्न महादेश अस्ट्रेलियामा आफ्नो कूटनीतिक मिसनको सुरुआतमा एडिलेड पुगेका छन् । उनी सन् २०१७ पछि अस्ट्रेलियाको भ्रमण गर्ने उच्च पदस्थ चिनियाँ अधिकारी हुन् ।

चीनले पूर्व कन्जरभेटिभ सरकारसँग कूटनीतिक मतभेदका क्रममा सन् २०२० मा वाइन, काठ, जौ र गाईको मासु निर्यातमा लगाइएको व्यापार प्रतिबन्धलाई क्रमशः हटाएको छ । यी उपायले अस्ट्रेलियाली निर्यातकहरूलाई प्रतिवर्ष २० अर्ब अस्ट्रेलियन डलर (१३ अर्ब अमेरिक डलर) खर्च गर्ने अनुमान गरिएको छ ।

सन् २०२२ मा प्रधानमन्त्री एन्थोनी अल्बानिजको सरकार सत्तामा आएपछि र बेइजिङप्रति नरम कूटनीतिक दृष्टिकोण अपनाएपछि दुवै मुलुकबीच आर्थिक सम्बन्धमा सहजता आएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०३/०२**

**जी.एस. ग्रुप प्रा.लि.**को मिति २०८१/०२/०५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **घर संसार ग्रुप अफ कम्पनी प्रा.लि. (प्रा.लि. नं.: २६७८४०)** कायम गर्ने गरी मिति २०८१/०२/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार बिकास कार्यालय**
**जाजरकोट, नेपाल**

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी राय सुझावका लागि सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०३/०२)**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, जाजरकोट |
| प्रस्तावको व्यहोरा | प्रस्तावित रानागाउँ रेडक्रस भवन देखि वि. पी. पार्क, टाउके वजार, मछाइना, थलह सडक स्तरोन्नति, ३३.७५४ कि.मी.) निर्माणका |
| प्रभाव पर्न सक्ने जिल्ला, स्थानीय तह | जाजरकोट, भेरिगंगा नगरपालिका, छेडागाड नगरपालिका |

प्रस्तावित रानागाउँ नेटा बजार मछाइना सडक (३३ कि.मि) निर्माणका लागि गरिएको प्रारम्भिक वातावरणीय परीक्षणका लागि वातावरण संरक्षण नियमावली २०७७ नियम ७ (२) र पुनरावलोकन समितिले दिएको सुझाब अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालय मन्त्रालयको निर्णय अनुसार कार्यसुची स्वीकृत भएकाले वातावरण संरक्षण नियमावलि २०७७ अनुसूची २ (घ) सडक क्षेत्र १ बमोजिम प्रस्ताव कार्यान्वयनका लागि अध्ययनको सिलसिलामा निम्न क्षेत्रसँग सम्बन्धित सवालहरुको बारेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका व्यक्ति वा संस्थाको जैविक, भौतिक र आर्थिक, सामाजिक वातावरणका पक्षमा पर्न सक्ने प्रभाव सम्बन्धी राय सुझाब लिनु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ ।
माथिको प्रस्ताव कार्यान्वयनबाट प्रभाव पर्न सक्ने माथि उल्लेखित क्षेत्रका वडाका बिद्यालय, स्वास्थ संस्थाहरु, सरोकारवाला संघ संस्था र व्यक्तिहरु यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाब उपलब्ध गरिदिनु हुन अनुरोध छ ।

**राय सुझाब पठाउने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नामर ठेगाना : पूर्वाधार विकास कार्यालय, जाजरकोट, नेपाल<br>फोन न : ९८५८०६५७८८<br>इमेल : idojajarkot@gmail.com | परामर्शदाताको नाम र ठेगाना : आरम्भ ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली<br>फोन न : ९८४१७९४४४७<br>इमेल : aarambhaeng.consultancy@gmail.com |

**ठाकुरबाबा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सैनवार, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन मिति : २०८१/०३/०२)**

यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत E–Bidding मार्फत तपशिल बमोजिमको सार्वजनिक खरिद कार्य गर्नुपर्ने भएकोले तपसिल कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | विवरण | बोलपत्र फारम दस्तुर | जमानत रकम | खाता विवरण |
|---|---|---|---|---|
| TBM/G/NCB-46/080/81 | Supply, Delivery and Installation of ICT Goods at Tribhuwan School Thakurbaba-01, Bhurigaun | ३०००/- | ११०,०००/- | १) आन्तरिक राजस्व खाता: १६१२०५००२८२९६००२<br>२) धरौटी खाता: १६१२०५०५२३८८८०१३<br>बैंक: NIC Asia Bank, Bhurigaun Branch |

यो सूचनाको विस्तृत जानकारीका लागि PPMO को Website: www.bolpatra.gov.np/egp बाट Download गरि प्राप्त गर्न सकिने छ वा यस नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

## पासपोर्ट हरायो

**मिति २०८१।०१।२६ गते कपनबाट दरबारमार्ग सम्म जाँदा मेरो निम्न व्यहोरा भएको पासपोर्ट हराएको हुनाले कहि भेट्नुभएमा नजिकैको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।**

**नाम : आयुश अधिकारी**
**ठेगाना : काठमाडौं**
**राहादानी नं. : १२४३७२९१**
**सम्पर्क नं. : ९८५११०९०७२**

## कम्पनीको नाम परिवर्तन भएको सूचना

तेस्रो पटक प्रकाशित मिति: २०८१/०३/०२
यस कम्पनीको मिति २०८०/०९/०४ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविकको कम्पनी नेपाल आमा इन्भेष्टमेन्ट कम्पनी प्रा. लि. को नाम बाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **नेपाल आमा हायर पर्चेज प्रा.लि.** (प्रा.लि.नं.: ३२४३६७) कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कतारमा रोजगार

कम्पनी : NEW TALY RESTAURANT
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८१/०२/३२ | चलानी नं.: ६०२२११७१ | LT. No.: 306446

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant/auditor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | १३१,७२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 2 | 0 | | 1700 | ६२,२०३ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 1700 | ६२,२०३ | | | | | | | |
| 4. | Driver | 2 | 0 | | 1700 | ६२,२०३ | | | | | | | |
| 5. | General Clean Worker | 5 | 0 | | 1000 | ३६,५९० | | | | | | | |
| 6. | Manager Variety | 1 | 0 | | 5500 | २०१,२४५ | | | | | | | |
| 7. | Waiter | 4 | 0 | | 1400 | ५१,२२६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार ९ गते (23 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोनः ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com

## ओमनमा रोजगार

कम्पनी: SALIM MASOUD ALHASBI TRADING
शहर: OMAN

पुर्व स्वीकृत मितिः २०८१/०२/३२ | चलानी नं.: ६०२२११७२ | LT. No.: 306454

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | स. काममा दक्ष | 150 | ५२,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८१ असार ९ गते (23 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Euro-Asia Employment Service Pvt. Ltd.**
Govt. Lic: 548/062/63
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197

## CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी: COSTAS THEODOROU
शहरः Cyprus,Larnaca

पूर्व स्वीकृत मितिः २०८१/०२/३१ | चलानी नं.: ६०२२११४१ | LT. No.: 306396

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 0 | 25 | स. काममा दक्ष | 650 | ९३,५६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ९ गते (23 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ९४७/०६७/०६८
सुबिधानगर, तिनकुने-३२, काठमाडौं, नेपाल, फोनः ५१९२०२८, ४१११६४४
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATAYEB HOSPITALITY TRADING EST.
शहरः Saudi Arabia, Madina

पूर्व स्वीकृत मितिः २०८१/०२/३२ | चलानी नं.: ६०२२११७३ | LT. No.: 306459

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५६,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 8 | 0 | | 1400 | ४९,७८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार ९ गते (23 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोनः ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com

# बक्स अफिस समाचार

## फिल्म 'कङ्गारु'मा जितु नेपाल

**काठमाडौं/मस–** फिल्म 'कङ्गारु'मा कलाकार जितु नेपाल अनुबन्धित भएका छन् । सम्राट बस्नेतको निर्देशनमा बन्न लागेको फिल्मका लागि निर्माण पक्षले शुक्रबार जितुसँग कागजी सम्झौता गरेको हो ।

यो फिल्ममा यस अघि कलाकार केदार घिमिरे 'माग्ने बुढा' र अर्पण थापा अनुबन्धित भइसकेका छन् । राजिभ गुरुङ 'दीपक मनाङे'को प्रस्तुतिमा तयार हुने फिल्मको मुख्य भूमिकामा जितुको प्रवेशसँगै कलाकारहरुको लानअप बलियो बन्दै गएको छ ।

जितुले यो फिल्ममा काम गर्ने सम्झौता गर्दा आफू निकै उत्साही भएको बताएका छन् । उनले भने, 'फिल्म ज्वाइँ साबको सेटमै आएर हस्ताक्षर गराउनुभयो, यो अवसरका लागि निर्देशक सम्राट बस्नेत निर्माण नियन्त्रक दिलीप पन्तजी लगायत सम्पूर्ण टिमप्रति आभारी छु ।'



यसअघि फिल्म 'लाखे' निर्देशन गरेका बस्नेतले यो फिल्मलाई सस्पेन्स, थ्रीलर र कमेडी जनरामा निर्माण गर्न लागिएको बताए । हाल अष्ट्रेलियामा फिल्मका लागि छायाँकन स्थल अवलोकन गरिरहेका निर्देशक बस्नेतले अब नायिका फाइनल गरेसँगै छायाँकनमा जाने तयारी रहेको जानकारी दिए । ३५ दिनको छायाँकन सेड्युल तय गरिएको फिल्मको छायाँकन अष्ट्रेलियाको सिड्नी, न्यूकासल, क्यानबेरालगायतका क्षेत्रमा गरिने उनले बताए ।

फिल्म 'कङ्गारु'मा केही फरक कथा भन्न मन लागेको निर्देशक बस्नेतको भनाइ छ । 'स्क्रिप्टमा मात्र दुई वर्ष समय लगाइयो, केही फरक कथा भन्न मन लागेको छ, कङ्गारुका लागि हामीले घोषणा गरेर पनि समय लगाएका छौं । यसपटक दर्शकले फरक स्वाद र फरक कथा हेर्न पाउनुहुनेछ,' उनले भने ।

यो फिल्म फुलमुन मोसन पिक्चर्स र उत्तरगया म्युजिक एन्ड फिल्मसँग एसजिटि प्रोडक्सन प्रालीको सहकार्यमा निर्माण हुन लागेको हो । फिल्ममा प्रेम थापा, धन बहादुर गुरुङ 'डिबी' र मनोज भण्डारी 'म्यक्स' निर्माताको रुपमा छन् ।

फिल्मको सह–निर्मातामा अन्जन दुरा र लक्ष्मी राई छन् भने कार्यकारी निर्माता टीका भण्डारी हुन् । फिल्मको लाइन प्रोड्यूसरमा सविन ज्ञावली (अष्ट्रेलिया) रहेका छन् । फिल्म निर्माणमा लक्ष्मी ज्वेलर्स युकेले पनि सहकार्य गरेको छ ।

फिल्ममा सीमा गुरुङको कथा रहेका छ । फिल्मका छायाँकार सुशन प्रजापति हुन् । फिल्मका प्रोडक्सन डिजाइनर दिलीप पन्त छन् ।

## राष्ट्रिय युवा गायन प्रतियोगिताको उपाधि कालीराजलाई



**काठमाडौं/मस–** राष्ट्रिय युवा गायन प्रतियोगितामा मकवानपुरका दीपकराज कालीराज प्रथम भएका छन् । अन्तिम प्रतिस्पर्धामा दुई प्रतिस्पर्धीलाई पछि पार्दै कालीराजले प्रथम स्थान हासिल गरेका हुन् ।

प्रतियोगितामा धनुषाका राजा राजपुत द्वितीय र रुपन्देहीका सुरज खातीले तृतीय स्थान हासिल गर्न सफल भए । युवा तथा खेलकुद मन्त्रालय, परिषद्को आयोजना र मिसन सञ्चार मल्टिमिडिया प्रालिको सहआयोजनामा प्रतियोगिता आयोजना गरिएको हो । परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले प्रतियोगिताको विजेता कालीराजलाई विजेताको ट्रफी, प्रमाणपत्र हस्तान्तरण गरे ।

उपाध्यक्ष बस्नेतले युवा लक्षित यस्ता सृजनात्मक प्रतिस्पर्धाले देशका कुना कन्दरामा लुकेर रहेका प्रतिभाशाली युवालाई आफ्नो प्रतिभा देखाउने उपयुक्त थलो भएको र यसले युवापुस्तालाई अभिप्रेरित गर्ने बताए । मिसन सञ्चार मल्टिमिडियाका अध्यक्ष पार्वती चापागाईंले विजेतालाई नयाँ गीत रेकर्डिङको लागि सम्झौतापत्र प्रदान गरे ।

विजेताको रेकर्ड गरिने नयाँ गीतको शब्द रचनाका लागि गीतकार बी पाण्डे, सुमन बैरागी र गणेश सुवेदीलाई साथै संगीत भर्नका लागि संगीतकार बीपी वाग्लेलाई जिम्मेवारी दिइएको थियो ।

गायन रियालिटी सोमा १६ देखि ४० वर्ष उमेरका देशभरबाट ६५ युवाले सहभागिता जनाएका थिए । डिजिटल अडिसनमा सहभागी प्रतिस्पर्धी मध्येबाट २१ जना छनोट गरी फिजिकल अडिसन अर्थात फिजिकल प्रतिस्पर्धाका लागि राजधानी काठमाडौं बोलाइएको थियो ।

सोही २१ जना प्रतिस्पर्धी मध्येबाट शीर्ष नौ, शीर्ष छ र शीर्ष तीन गरी विजेताको टुङ्गो लगाइएको थियो । प्रतियोगितामा संगीतकार बीपी वाग्ले, लोक गायिका देवी घर्तीमगर र गायक भद्र वलीले निर्णायकको भूमिका निभाएका थिए ।

## इन्टरनेशनल पेजेन्ट एण्ड फेसन क्लबको अध्यक्षमा फैजु



**काठमाडौं/मस–** नेपाली मोडल तथा अन्तर्राष्ट्रिय फेसन कोच राज फैजु इन्टरनेशनल पेजेन्ट एण्ड फेसन क्लबको अध्यक्ष चुनिएका छन् । मलेसियाको कोटाकिना बालु शहरमा आयोजित नेपालसहित भारत, मलेसिया, फिलिपिन्स, साउथ कोरिया, इन्डोनेसियालगायत दर्जन बढी देशका 'इन्टरनेशनल पेजेन्ट एण्ड फेसन क्लब'का राष्ट्रिय निर्देशकहरुको भेलाले फैजुलाई अध्यक्ष चुनेका हुन् ।

'इन्टरनेशनल पेजेन्ट एण्ड फेसन क्लबको' उद्देश्य अन्तर ाष्ट्रिय क्षेत्रमा गुणस्तरीय पेजेन्ट तथा फेसन शोका कार्यक्रमहरु आयोजना गर्ने रहेको छ । क्लबमार्फत नेपालमा अन्तर्राष्ट्रिय स्तरका पेजेन्ट र फेसनका कार्यक्रम भित्र्याएर नेपालको पर्यटन र संस्कृतिको प्रवर्द्धन गर्ने आफ्नो लक्ष्य रहेको फैजुले बताए । क्लबले पर्यटन र संकृतिको अलवा विभिन्न देशका राष्ट्रिय निर्देशकहरु समन्वय गरेर पेजेन्ट र फेसन उद्योगलाई पछिल्लो समयको ट्रेन्ड अनुसार कसरी लाने, गुणस्तरीय कसरी बनाउने र फेसनमार्फत आफ्नो देशको भेषभुषा अन्तर्राष्ट्रिय मञ्चमा कसरी चिनाउने भन्ने विषयमा पनि काम गर्नेछ । त्यस्तै आ-आफ्नो देशको महत्व बोकेको संस्कृति, हेरिटेजलगायतलाई फेसनमार्फत अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै आफ्ना देशका डिजाइनलाई अन्तर ाष्ट्रिय प्लेटफर्ममा चिनाउनसमेत क्लबले जोड दिनेछ ।

पेजेन्टमा भएको नराम्रो चिजहरुलाई छलफलमार्फत हल गरी ट्रेनिङ, टक्नोलोजीलगायतका विषयमा समयसापेक्षा र स्तरीय कसरी बनाउने भन्नेमा समेत क्लबले काम गर्नेछ । विभिन्न देशका संस्कृतिलगायत हरेक पाटोको आदानप्रदान पनि यसले आफ्नो उद्देश्यमा राखेको फैजुले जानकारी दिए । 'विभिन्न देशमा संस्थाको नेटवर्क विकास गरेर पेजेन्ट र फेसनलाई विश्वामा पुऱ्याउनु पनि हाम्रो लक्ष्य हो,' फैजुले थपे । करिब १५ वर्षदेखि रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीमार्फत नेपालमा विभिन्न सौन्दर्य प्रतियोगिता तथा फेसन शोहरु आयोजना गर्दै आएका फैजु अन्तर्राष्ट्रिय म्युजिक भिडियो अभिनयको अलवा विभिन्न ब्याण्डसँग समेत आवद्ध छन् ।

**Arnama Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Arnama, Siraha**
**Madhesh Province, Nepal**

**Letter of Intention to Award**

**Date of publication: 2081/03/02**

This is to notify (as per PPA 2063 clause 27.2 & 27.3) to all concerned bidders that, it is our intention to award the contract for the Construction of Krishi Bidhutikarn ra Transformer kharid karya-5 published at Madhyanha National Daily Newspaper on dated 2081/01/31 for execution of works. Details given in the table below:

| S. N. | Name of Project | Contract Id: | Bid Price (Including VAT & PS) | Substantially responsive lowest evaluated Bidder |
|---|---|---|---|---|
| 1 | Krishi Bidhutikarn ra Transformer kharid karya -5 | 09/WORKS/ ARNRM/ NCB/080-81 | Nrs 40,43,566.90 | Shivsakti Construction Arnamam R.M. 5 Siraha |

**CAO**
**ARNAMA RM**

**नेपाल सरकार**
**सहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई**
**वीरेन्द्रनगर, सुर्खेत**

**आर्थिक प्रस्ताब खोलिने बारेको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०३/०२**

यस आयोजनाको मिति २०८१/१/३ मा सूचना प्रकाशित भइ E–Bid मार्फत पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताब खोलि मुल्यांकन हुदा तपसिलको बोलपत्रदाताको प्रस्ताब सार्वजनिक खरिद नियमावलीको २०६४ को नियम ३१ ज (४) बमोजिम सारभुत रुपमा प्रभाबग्राही भएकोले मिति २०८१/०३/०९ गते १३:०० बजे यस आयोजना कार्यालयमा आर्थिक प्रस्ताब खोलिने भएको हुँदा सोहि नियमको उपनियम ५ बमोजिम सम्बन्धित वोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | प्रभाबग्राही वोलपत्रदाता |
|---|---|---|
| FPIU/Surkhet/Works /NCB/40/080-81 | Integrated Urban Infrastructure Development Works at Chhedagad Municipality Jajarkot. | 1 B.I.S-Everest JV Dhulikhel Kavre |

**नि. आयोजना प्रमुख**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०३/०२**

**एक्सप्रेस एजुकेशन नेटवर्क प्रा.लि.**को मिति २०८०/०९/२९ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बेस मार्क क्लोथिङ प्रा.लि. (प्रा.लि. नं.: २९०४०७)** कायम गर्ने गरी मिति २०८०/१०/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०३/०२**

**नेपोविट ए.जी.एल. प्रा.लि.**को मिति २०८१/०२/०४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ए.जि.एल. नेपाल प्रा.लि. (प्रा.लि. नं.: ३१६२०३)** कायम गर्ने गरी मिति २०८१/०२/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कतारमा रोजगारको अवसर ।** कम्पनी : **YELLOW RIVER TRADING** शहरः **DOHA**

पूर्व स्वीकृत मितिः २०८१/०२/३२ चलानी नं.: ६०२२११६६ LT. No.: 306452

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ९ गते (23 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८

**Perfect Recruiting Service Pvt. Ltd.**
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 014950764, 014987640 , Fax : Email: info.perfectrecruiting@gmail.com
www.perfectrecruiting.com.np.

**UAE मा वैदेशिक रोजगारको अवसर**

**Company: Parkway international Contracting LLC**

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०८१/०१/३१ चलानी नं.६०२१९६५१ LT No. : 304631

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker | 37 | 00 | काममा दक्ष | 900 | ३२,९२६/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Block Mason | 30 | 00 | | 1200 | ४३,९०२/- | | | | | | | |
| ३. | Plaster Mason | 30 | 00 | | 1200 | ४३,९०२/- | | | | | | | |
| ४. | Aluminium Fitter | 11 | 00 | | 1300 | ४७,५६०/- | | | | | | | |
| ५. | Cleaner | 00 | 10 | | 1000 | ३६,५८५/- | | | | | | | |
| ६ | Steel Welder | 16 | 00 | | 1300 | ४७,५६०/- | | | | | | | |
| ७. | Water Proofing | 20 | 00 | | 1300 | ४७,५६०/- | | | | | | | |

| 'स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८१ असार ९, १० र ११ गते (23, 24 & 25 Jun., 2024) यस प्रा. लि. को कार्यलय बसुन्धारामा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः [illegible]

**Relation Employment Service Pvt. Ltd.** Lic. No. 906/067/068
Basundhara, Kathmandu, Nepal, Ph: 4959803, 4960094

**SAUDI मा रोजगारको अवसर ।** कम्पनीः **SOIL TECHNOLOGIES COMPANY FOR ENVIRONMENTAL SERVICE** शहरः **Jeddah**

पुर्व स्वीकृत मितिः २०८१/०२/३० चलानी नं.: ६०२२११५६ L.T. No.:306343

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Excavator Operator | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः **Fahd Dhawi Eid Al Harbi Contracting Est** शहरः **Riyadh**

पुर्व स्वीकृत मितिः २०८१/०२/३० चलानी नं.: ६०२२११५७ L.T. No.:306342

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 11 | 0 | स. काममा दक्ष | 1800 | ६४,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः **Fahd Dhawi Eid Al Harbi Contracting Est** शहरः **Riyadh**

पुर्व स्वीकृत मितिः २०८१/०२/३० चलानी नं.: ६०२२११५८ L.T. No.:306341

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः **Civil and electrical projects contracting company limited SEPCO** शहरः **Saudi**

पुर्व स्वीकृत मितिः २०८१/०२/३० चलानी नं.: ६०२२११५९ L.T. No.:306206

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1100 | ३९,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असार ९ गते (23 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GENX GENERATION NEXT
Govt. License No: 554/062/063
**GENX ASSOCIATE PVT. LTD**
Battisputali 09, Old Baneshwor Kathmandu, Nepal
www.genxassociate.com admin@genxassociate.com
+977-01-5912992| 01-5912993 9801094755, 9801094757, 9801094757

मध्यान्ह
www.madhyanhadaily.com



# नेपाल दक्षिण अफ्रिकासँग एक रनले पराजित, सुपर–८ पुग्ने सम्भावन समाप्त




**काठमाडौं/मस–** आईसीसी टी–२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत शनिबारको खेलमा नेपाल दक्षिण अफ्रिकासँग एक रनले पराजित भएको छ । हारसँगै नेपालको सुपर–८ मा पुग्ने सम्भावना सकिएको छ ।

वेस्ट इन्डिजको सेन्ट भिसेन्टस्थित आर्नोस भले ग्राण्ड किंग्सटाउन रंगशालामा भएको खेलमा दक्षिण अफ्रिकाका टाबरेज साम्सीले एकै ओभरमा दुई महत्वपूर्ण विकेट लिएपछि नेपाल दबाबमा पुगेको थियो । नेपालले खेलको आठौं ओभरको दोस्रो बलमा ओपनर कुशल भुर्तेललाई गुमाएको थियो । उनी २१ बलमा १३ रन बनाएर बोल्डआउट भएका थिए ।

त्यसपछि क्रिजमा आएका कप्तान रोहितकुमार पौडेल दोस्रो बलको सामना गर्ने क्रममा साम्सीबाट बोल्ड आउट भए । त्यसपछि नेपालले तेस्रो विकेटका रुपमा अनिल शाहलाई गुमाउन पुग्यो । अनिल २४ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै २७ रनमा आउट भए । आउट हुनु अगाडि उनले ओपनर आसिफ शेखसँग राम्रो साझेदारी गरेका थिए ।

नेपालले ३५ रन जोड्दा कुशल भुर्तेल र कप्तान रोहितकुमार पौडेल आउट भएपछि अनिल क्रिजमा आएका थिए । अनिलले आसिफसँग ५० रनको साझेदारी गरेका थिए ।

ओपनर आशिफलाई नेपालले पाँचौ विकेटको रुपमा गुमाएको थियो । आशिफले ४९ बलमा चार चौका र एक छक्का प्रहार गर्दै ४२ रन बनाए । दीपेन्द्रसिंह ऐरी छ रनमा आउट भए भने कुशल मल्ल एक रनमा पेभिलियन फर्किए । गुल्सन झा छ रनमा आउट हुँदा सोमपाल कामी आठ रनमा अविजित रहे । दक्षिण अफ्रिकाका टाबरेज साम्सी एक्लैले चार विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय १५ रनको योगफल बनाएको थियो । उसका लागि रिजा हेन्डरिक्सले सर्वाधिक ४३ रनको योगदान दिए । कूल ४९ बल खेलेका उनले पाँच चौका र एक छक्का प्रहार गरे ।

साथै टिस्टन स्टब्सले १८ बलमा दुई चौका र एक छक्काको मद्दतमा २७ रन बनाए भने आइडेन मार्करमले २२ बलमा दुई चौका प्रहार गर्दै १५ रन जोडे । क्वान्टन डेककले ११ बलमा १० रन जोडे भने डेभिड मिलरले सात रन बनाए ।

नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक चार विकेट लिए भने दीपेन्द्रसिंह ऐरीले तीन विकेट झारे । नेपालले समूह चरणको आफ्नो अन्तिम खेल यही असार ३ गते सोमबार बंगालदेशसँग खेल्नेछ ।

## न्युजिल्याण्डको पहिलो जित




**काठमाडौं/मस–** आइसिसी टी–२० विश्वकप क्रिकेटमा न्युजिल्याण्डले युगान्डालाई पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको छ । वेस्ट इन्डिजको ब्रायन लारा क्रिकेट एकेडेमी मैदानमा भएको खेलमा न्युजिल्यान्डले युगान्डलाई नौ विकेटले पराजित गर्दै विश्वकपमा पहिलो जित दर्ता गराएको हो । जितसँगै समूह 'सी'मा रहेको न्युजिल्यान्डले तीन खेलमा २ अंक जोडेको छ । चार खेले खेलेको युगान्डाको २ अंक छ ।

युगान्डाले प्रस्तुत गरेको ४१ रनको सामान्य लक्ष्य पच्छ्याएको न्युजिल्यान्डले पाँच दशमलव दुई ओभरमा एक विकेट गुमाउँदै लक्ष्य पूरा गर्यो । न्युजिल्यान्डका लागि डिभोन केन्वेले अविजित २२ रन बनाए । त्यस्तै फिनन् अल्लेनले नौ रन जोड्दा रचिन अभिन्द्र एक रनमा अविजित रहे । बलिङतर्फ युगान्डाका रियाजत अली शाहले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको युगान्डाले १८ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै ४० रनको योगफल बनाएको थियो । युगान्डाका लागि केनथ वाइस्वाले सर्वाधिक ११ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । युगान्डालाई सस्तैमा समेट्नेक्रममा न्युजिल्यान्डका टिम साउथीले तीन विकेट लिए भने ट्रेन्ट बोल्ट, मिचेल स्यान्टनर र रचिन रविन्द्रले समान दुई/दुई विकेट लिए । त्यस्तै लोकी फर्गुसनले १ विकेट झारे ।


**राजपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजपुर, रौतहट**
**मधेश प्रदेश, नेपाल**

**आन्तरिक आय ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आहवानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१/०३/०१)**

सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ अनुसार आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित ठेक्का विवरण शर्तहरुको अधिनमा रही ईच्छुक नेपाली नागरिक, फर्म र ठेक्केदारले नागरिकता/फर्मको प्रतिलिपी संलग्न राखी बोलपत्र खरिद गर्न पेश गर्नपर्ने छ र निज वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रीतपूर्वक निवेदन दिई यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । तपसिलमा उल्लेख भए अनुसारको ठेक्काको लागि निम्न बमोजिमको बोलपत्र दस्तुर यस नगरपालिकामा जम्मा गरि सो को नगदी रसिद (पछि फिर्ता नहुने गरी) पेश गरि रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि ३० (तीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ठेक्का नं | ठेक्का विवरण | माछा मार्न‘पर्ने क्षेत्र | न्युनत्तम कबोल अंक ३ वर्षको लागि (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर (रु.) | धरौटी रकम |
|---|---|---|---|---|---|
| ३/२०८०/०८१ | ढिघा टोलको पोखरी | राजपुर न.पा.-२ को ढिघा टोलको पोखरी (क्षेत्रफल २ विघा ६ कठ्ठा) | २०,००,०००।- | १,०००।- | कबोल अंकको ५ % |

**शर्त तथा बन्देज**

- यो ठेक्का २०८१/०४/०१ देखि २०८४ असाढ ३१ गतेसम्म मात्र (३ वर्षको लागि) हुनेछ ।
- ठेक्काको लागि बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनसम्म राजपुर न.पा.बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्र ३१ औं दिन दिनको १२:०० बजेसम्म राजपुर न.पा. रौतहटमा सिलबन्दी दर्ता गर्नु पर्नेछ ।
- बोलपत्र फारम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिने छ ।
- सिलबन्दी बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।
- दर्ता भएका शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० (दुई) बजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाताका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- बोलपत्र दाताले बोलपत्र दर्ता गर्दा आफूले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नेपाल एस.बि.आई.बैंक राजपुर स्थित ४३६२५२४०६०००४ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर, नगदी रसिद वा नगदै पेश गर्नुपर्ने छ ।
- बोलपत्र स्वीकृत भएको कबुल अंकको २५% बराबरको धितो जमानि वा बैंक ग्यारेन्टि सहित सम्झौताको लागि निवेदन पेश गर्नुपर्ने छ ।
- बोलपत्र स्वीकृत भई सकेपछि सकार गरेको कुल रकमको हकमा पाँच किस्तामा रकम बुझाउनु पर्नेछ । पहिलो किस्ता बुझाए पछि सम्झौता गरिने छ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ७ दिनभित्र किस्ताको रकम दाखिला गर्नुपर्ने छ । बोलपत्र दाताले बुझाउनु पर्ने रकम एकमुष्ठ पनि बुझाउन सक्ने छ । सकार भएको कुल रकम एकमुष्ट बुझाएमा १०% छुट हुनेछ ।
- प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेक्केदार स्वयमले व्यहोर्नं पर्नेछ ।
- बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ । ठेक्का स्वीकृत भई सकेपछि मानव सृजित बन्द, हडताल, चक्का जाम जस्ता अवस्थाले कुनै किसिमको माफि मिन्हा दिईने छैन ।
- ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पुर्जी लिई सक्नु पर्नेछ अन्यथा ठेक्का रद्ध गरि प्रचलित नियमानुसार हुनेछ ।
- ठेक्का चलन गर्दा यस कार्यालयले तोके बमोजिम ढाँचाको रसिद ठेक्केदार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नं पर्नेछ ।
- ठेक्का सम्बन्धी कार्यालय तथा ठेक्केदार बिच कुनै विवाद उत्पन्न भएमा राजपुर नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै यस नगरपालिकाले बेला बेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्न सम्बन्धित ठेक्केदारको कर्तव्य हुनेछ ।
- यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ का साथै अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**(खुर्सैद आलम)**
**नि.प्रमुख प्रशासकीय अधिकृत**



**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार बिकास कार्यालय**
**खलङ्गा, जाजरकोट**

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी राय सुझावका लागि सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८०/०३/०२)**

| | |
|---|---|
| प्रस्ताबकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, जाजरकोट |
| प्रस्तावको व्यहोरा | प्रस्तावित सेपुखोला-कोल्यानी-बन्दाला-सुवाकोट-लुहागा-धुमा-तोलखाना-दह हुदै जुम्ला सडक (१७ कि.मि) निर्माणका |
| प्रभाव पर्न सक्ने जिल्ला, स्थानीय तह | जाजरकोट, बारेकोट गाउँपालिका |

प्रस्तावित सेपुखोला-कोल्यानी-बन्दाला-सुवाकोट-लुहागा-धुमा-तोलखाना-दह हुदै जुम्ला सडक (१७ कि.मि) निर्माणका लागि गरिएको प्रारम्भिक वातावरणीय परीक्षणका लागि वातावरण संरक्षण नियमावली २०७७ नियम ७ (२) र पुनरावलोकन समितिले दिएको सुझाब अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालय मन्त्रालयको निर्णय अनुसार कार्यसुची स्वीकृत भएकाले वातावरण संरक्षण नियमावलि २०७७ अनुसूची २ (घ) सडक क्षेत्र १ बमोजिम प्रस्ताव कार्यान्वयनका लागि अध्ययनको सिलसिलामा निम्न क्षेत्रसँग सम्बन्धित सवालहरुको बारेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका व्यक्ति वा संस्थाको जैविक, भौतिक र आर्थिक, सामाजिक वातावरणका पक्षमा पर्न सक्ने प्रभाव सम्बन्धी राय सुझाब लिनु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ ।
माथिको प्रस्ताव कार्यान्वयनबाट प्रभाव पर्न सक्ने माथि उल्लेखित क्षेत्रका वडाका बिद्यालय, स्वास्थ संस्थाहरु, सरोकारवाला संघ संस्था र व्यक्तिहरु यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाब उपलब्ध गरिदिनु हुन अनुरोध छ ।

**राय सुझाब पठाउने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नामर ठेगाना : पूर्वाधार विकास कार्यालय, जाजरकोट<br>फोन न : ९८५८०६५७८८<br>इमेल : idojajarkot@gmail.com | परामर्शदाताको नाम र ठेगाना : एपोलो ईन्जिनियरिङ्ग एण्ड कन्पनी प्रा.ली<br>फोन न : ९८५८०७०४०२<br>इमेल : appolo.engineering@yahoo.com |



**ककनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानीपौवा, नुवाकोट**

**ककनी गाउँपालिका भएर बग्ने कोल्पू खोला, चाउथे खोला, घट्टे खोला, झाक्री खोला, दोभान खोला, छहरे खोला, मझुवा भलटोल खोला, लाकुरे सिमल ढुङ्गेन खोला र सिन्दुरे खोला किनारबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन तथा संकलन लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८१/०३/०२**

बागमती प्रदेश, नुवाकोट जिल्ला, ककनी गाउँपालिकामा ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, राजश्व शाखाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | राजश्व शाखा<br>ककनी गाउँपालिका रानीपौवा, नुवाकोट<br>सम्पक नं. ०१०-४११०२२, ०१०-४११०५५<br>ईमेलः ito.kakanimun@gmail.com |
| **प्रस्तावको व्याहोरा** | ककनी गाउँपालिका भएर बग्ने कोल्पू खोला, चाउथे खोला, घट्टे खोला, झाक्री खोला, दोभान खोला, छहरे खोला, मझुवा भलटोल खोला, लाकुरे सिमल ढुङ्गेन खोला र सिन्दुरे खोला किनारको विभिन्न बगर क्षेत्रबाट दैनिक १०० घनमिटर भन्दा बढि ३०० घनमिटरसम्म ढुंगा, गिट्टी तथा बालुवा उत्खनन् / संकलन तथा विक्री गर्ने योजना रहेको छ । |
| **प्रभाव पर्ने जिल्ला/ न.पा./ वडा** | बागमती प्रदेश, नुवाकोट जिल्ला, ककनी गाउँपालिका (वडा नं. २, ३, ४, ५, ७ र ८) |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न ककनी गाउँपालिका, वडा नं. २, ३, ४, ५, ७ र ८ को वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको ठेगाना |
|---|---|
| राजश्व शाखा<br>गाउँ कार्यपालिकाको कार्यालय<br>ककनी गाउँपालिका<br>रानीपौवा, नुवाकोट<br>सम्पक नं. - ०१०-४११०२२, ०१०-४११०५५<br>ईमेलः ito.kakanimun@gmail.com | शब्द ईन्जिनियर्स ग्रुप प्रा. लि.<br>बबरमहल, काठमाण्डौ<br>मोबाईल नं.: ९८४६२६८०२४<br>ई-मेलः sabdaengineersgroup@gmail.com |



**Perfect Recruiting Service Pvt. Ltd. को**
**जरूरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त यस **Perfect Recruiting Service Pvt. Ltd.** (श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८) बाट यूएईका निम्न उल्लेखित कम्पनीहरुमा वैदेशिक रोजगारको सिलसिलामा निम्न मितिमा प्रस्थान भएका नेपाली राहदानीबाहक तपशिलका कामदारहरु कम्पनीमा शर्तबमोजिमकै सेवा सुविधा भएता पनि कम्पनीको क्याम्प छोडी सम्पर्कविहीन भएकाले निम्न व्यक्तिहरुको हालको अवस्थाको बारेमा यस संस्थालाई कुनै जानकारी नभइ उल्लेखित कम्पनीले निजहरुलाई फरार घोषित गरी सोहीबमोजिम कानूनी प्रक्रिया अगाडि बढाएको यस कम्पनीलाई जानकारी प्राप्त भएको यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ । साथै निजहरुको अवस्थाको बारेमा यस संस्था जवाफदेही नहुनेसमेत जानकारी गराइन्छ ।

**कामदारको नाम, राहदानी नं, प्रस्थान मिति र कम्पनीको नाम**

| कामदारको नाम | राहदानी नं | प्रस्थान मिति | कम्पनीको नाम | कैफियत |
|---|---|---|---|---|
| ठगेन्द्र कार्की | PA1201702 | 1 December 2023 | General Construction Co LLC. | (कम्पनीले टर्मिनेट गरी भिसा क्यान्सिल भएपश्चात यस संस्थाले टिकटसमेत खरिद गरी फर्काउन लाग्दा दुबई एयरपोर्टबाट फरार भएको जानकारी प्राप्त) |
| धन बहादुर थापा | BA0146823 | 18 December 2023 | Prestige General Services LLC Branch. | |
| प्रतिक कुँवर | PA0274199 | 30 May 2024 | Prestige General Services LLC Branch. | |

श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८

**Perfect Recruiting Service Pvt. Ltd.**
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal, Tel : 014950764, 014987640
Email: info.perfectrecruiting@gmail.com, www.perfectrecruiting.com.np.

# विदेशबाट रेमिट्यान्स होइन पर्यटक भित्र्याउन केन्द्रित हुनुपर्छ



अवसरको खोजीमा विश्वका धेरै मुलुकमा नेपाली पुगेका छन् । अहिले ७० लाख भन्दा बढि नेपाली बिभिन्न मुलुक पुगेका छन्। लामो समय विदेशमा रहेका नेपालीहरुले गैरआवासीय नेपाली संघ (एनआरएनए) मा संगठित भएका छन् । प्रवासमा बस्दै गर्दा नेपालीहरुले विदेशमा सिकेको सिप र पुँजीलाई भित्राएर नेपालको समृद्धिको लागि काम समेत गरिरहेका छन् । विशेषगरी गैर आवसीय नेपालीहरुले नेपालको पर्यटक र प्रवर्द्धनको लागि महत्वपुर्ण भूमिका निवार्ह गर्दै आएका छन् । नेपालको पर्यटन क्षेत्रको लागि निरन्तर काम गरिरहेका गैरआवासीय नेपाली संघ (एनआरएनए)को अन्तर्राष्ट्रिय समन्वय परिषद्को उपमहासचिव सोम सापकोटा एक हुन् । जो ३० वर्षदेखि विभिन्न देशमा बसोबास गर्दै नेपालको पर्यटन प्रर्वद्धनको क्षेत्रमा काम गरिरहेका छन् । २००८ देखि प्रवासमा रहेका उनी २०१६ देखि २०१८ सम्म डेनमार्कको नेपाल पर्यटन बोर्डबाट मानार्थ पर्यटन जनप्रतिनिधि र २०२० देखि २०२१ सम्म माल्टाको मानार्थ पर्यटन जनप्रतिनिधिको रुपमा काम गरिसकेका छन् । यस्तै अहिले नेपाल सरकारको मन्त्रिपरिषद्बाट सयुंक्त अधिराज्य (बेल्स)को लागि पर्यटन प्रवर्द्धकको नियुक्ति लिएका छन् । प्रस्तुत छ, उनै **सोम सापकोटा**सँग मध्यान्ह दैनिकका लागि **छबि सापकोटा**ले गरेको कुराकानीको सम्पादित अंश :

**सोम सापकोटा**, पर्यटन प्रवर्द्धक, संयुक्त अधिराज्य (बेल्स)

**नेपालमा विकसित मुलुकबाट आउने उच्चस्तरीय पर्यटक भित्र्याउन के गर्नुपर्छ ?**

नेपाल विश्वको स्वर्गको टुक्रा हो भन्दा फरक पर्दैन । नेपालमा धेरै देशका पर्यटकहरु आउने चाहना गरिरहेका हुन्छन् । तर, नेपाललाई जसरी ब्राण्डिङ गर्नुपर्ने थियो त्यो हुन सकिरहेको छैन । संसारको अग्लो स्थान सगरमाथा, गौतमबुद्धको जन्मस्थान, हिमालदेखि तराईसम्म केही घण्टा बिचमा हुने मौसममा परिवर्तन, संस्कृति, पुरातात्विक स्थान र वस्तु लगायत विश्वभरीकै पर्यटकको लागि आश्चार्यजनक भूगोल छ यहाँ ।

तर, हाम्रो आवश्यक तयारी नहुँदा विकसित मुलुकका पर्यटक सोचेअनुसारको संख्यामा आउन सकिरहेका छैनन् । अर्को भनेको हाम्रो हवाई कनेक्टिभिटी, पर्यटक नीति समेत पर्यटकमैत्री बन्न सकिरहेका छैनन् । हाम्रो संगठन गैरआवासीय नेपाली संघले स्थापना कालदेखि नै नेपालको पर्यटन प्रवर्द्धनमा काम गरिरहेको छ । मैलेपनि पोर्चुगल, डेनमार्क, माल्टा र अहिले बेलायतमा रहँदासमेत नेपालको पर्यटन उद्योगलाई लक्षित गरी कार्यक्रम गर्दै आएको छु । अहिले जहाँ नेपालीहरु पुग्नु भएको छ त्यहाँ नेपालसम्बधी विभिन्न कार्यक्रम, सेमिनार, गोष्ठी, नेपाल कन्क्लेभ, रोड सो लगायत नेपाल चिनाउने कार्यक्रम भइरहेका छन् । जसको कारण पछिल्लो समय विकसित मुलुकका पर्यटकहरुले पनि नेपाल प्रति चासो देखाइरहेका छन्

**तपाईं लामो समय प्रवासमा हुनुहुन्छ । विदेशी नागरिकका नेपालबारे धारणा कस्तो छ ?**

नेपालबारे धेरै देशका नागरिकलाई जानकार छन् । भारत र चीनबीचको सानो देश भएकोले पनि नेपाल प्रति विदेशी पर्यटकको चासो छ । त्यसमाथि नेपालसँगै लामो समयदेखि विभिन्न देशसँग सम्बन्ध छ । ब्रिटेन, अमेरिका, युरोपदेखि गल्फसम्म नेपालको पुरानो सम्बन्ध समेत छ । पछिल्लो समय नेपालबाट विभिन्न मुलुकका रोजगारी, पढ्नदेखि व्यापार व्यवसायमा नेपालीहरु पुगेको पाइन्छ । यसले पनि नेपाललाई विश्वमा थप चिनाउँदै लगेको छ । अहिले ७० लाख बढी नेपाली विदेशमा हुँदा नेपाल चिनाउने प्रयास भइरहेको छ । नेपाललाई चिन्ने र माया गर्ने धेरै छन् । तर, हामीले अपेक्षा गरेअनुसार अझैपनि नेपालमा पर्यटक भित्र्याउन भने सकिरहेका छैनौं । हामीले गर्दै आएका भिजिट नेपाल, पर्यटक दशक, लगानी सम्मेलन जस्ता कार्यक्रमले नेपाल प्रति विदेशी पर्यटकको चासो बढ्दै गएको पाइन्छ । एक पटक नेपाल आएकाहरुले जसरी नेपालको चर्चा गरेका हुन्छन् त्यसले अरु पर्यटकलाई समेत नेपाल आउने इच्छा जाहेर गरेको पाइन्छ ।

**अब नेपालको पर्यटन प्रवर्द्धन गर्न के गर्नुपर्ला ?**

प्रवासमै बसेर नेपालीले नेपालको लागि गर्न सक्ने महत्वपूर्ण क्षेत्रको रुपमा पर्यटन प्रवर्द्धन हो । संस्थागत रुपमा र व्यक्तिगतरुपमा नेपाली धेरै नेपाली पर्यटन उद्योगलाई प्रवर्द्धन गर्न लागि परेका छन् । नेपालमा पर्यटन प्रवर्द्धनको लागि सबै भन्दा ठूलो चुनौतीको रुपमा नेपाल र अन्य देशबीचको हवाई कनेक्टिभिटी नै हो । नेपाल आउन महँगो हवाई भाडाको कारण समेत पर्यटकहरु अन्य मुलकमा जाने गरेको पाइन्छ । सुरक्षा, पर्यटन नीति परिवर्तन हुँदासमेत पर्यटन प्रवर्द्धनमा असर गर्छ ।

नेपालको पर्यटन प्रर्वद्धन परम्परागत शैलीमा भन्दा डिजिटल प्रविधिमै केन्द्रित हुन आवश्यक छ । नेपाल राम्रो गन्तव्य हो भनेर प्रचार गर्ने काम भएको छ । तर, हामीले पुर्वाधार निमार्णमा भने जोड दिन सकिरहेका छैनौं । प्राकृतिक प्रकोप, सडक, यातायात, पूर्वाधार क्षेत्रमा रहेका कठिनाईको कारण समेत नेपालमा पर्यटक बढ्न सकिरहेका छैनन् । जसले नेपालमा आउने क्यालिटी पर्यटकको संख्या कम भएको देखिन्छ । नेपालका हेरिटेज, हिमालय रेन्च, एकसिंगे गैंडा, जंगल सफारीदेखि धार्मिक पर्यटकको लागि नेपाल उकृष्ट मुलुक हो भन्दा फरक पर्दैन ।

**सरकार र निजी क्षेत्र र एनआरएनबीच कसरी पर्यटक प्रवर्द्धनको काम गर्न सकिन्छ ?**

पर्यटन प्रवर्द्धनको लागि निजी क्षेत्रको भूमिका धेरै छ । लगानीदेखि प्रचार प्रसारमा निजी क्षेत्रकै कारणले अहिले पर्यटक भित्रिरहेका छन् । तर, कोभिडको समयमा निजी क्षेत्र धरासायी हुँदासमेत सरकारको तर्फबाट सहजीकरण कम भएको देखियो । पर्यटन व्यवसायीहरुलाई अन्य देशहरुले कोभिड महामारीपछि आर्थिक सहायता गरे तर, नेपालमा त्यस्तो देखिएन् । पर्यटन उद्योग फस्टाउनका लागि महत्वपूर्ण भूमिका भनेको सरकारले बनाउने नीति र भौतिक पूर्वाधार नै हो । यसमा मात्र ध्यान दिने हो भने सरकार, निजी क्षेत्र र एनआरएनएबीचको सहकार्यले नेपाल पर्यटकको हब बन्न सक्छ । अब विदेशबाट रेमिट्यान्समात्र होइन पर्यटक भित्र्याउनतर्फ हामी सबै केन्द्रित हुनुपर्छ । सरकार र निजी क्षेत्र र एनआरएनबीचको त्रिकोणात्मक सम्बन्ध बनाएर लाग्ने हो भने नतिजा राम्रो निकाल्न सकिन्छ ।

**अत्यमा, संयुक्त अधिराज्य वेल्सको पर्यटन प्रवर्द्धकको रुपमा कसरी काम गर्नुभएको छ ?**

२०१७ देखि म बेलायतमा बसोबास गर्दै आएको छु । त्यसभन्दा अघि युरोपका विभिन्न देशमा रहँदासमेत पर्यटन क्षेत्रलाई प्रवर्द्धनको लागि संस्थागत र व्यक्तिगत रुपमा काम गरिरहेको छु । धेरै नेपालीमा नेपाल छिटो समृद्ध होस भन्ने चाहना छ । उनीहरुको नेपालप्रतिको माया धेरै देखिन्छ, साथै उनीहरु नेपालमा लगानी गर्नसमेत आतुर छन् ।

२०१६ देखि नै मैलेपनि पर्यटन मन्त्रालय, पर्यटनबोर्डसँग जोडिएर अहिलेसम्म पर्यटन प्रवर्द्धनकै क्षेत्रमा काम गरिरहेको छु । अहिले बेलायतमा रहेको चर्चित ट्राभल्स एजेन्सी, स्थानीय तहका मेयर, जनप्रतिनिधिसँग सहकार्य, राजदूतावाससँग सहकार्य, पर्यटन सेमिनार लगायतको काम भइरहेको छ । कसरी नेपालमा पर्यटन क्षेत्रलाई अगाडि बढाउन सकिन्छ भनेर सरकार, पर्यटन मन्त्रालय, बोर्ड, हान, टान लगायतका संस्थासँग सहकार्य गर्ने काम भइरहेको छ ।

# एमसीसीअन्तर्गत रातमाटे सबस्टेसनको ठेक्का लाग्यो

**काठमाडौं/मस** – मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) नेपाल कम्प्याक्ट कार्यान्वयनका क्रममा नुवाकोटको बेलकोटगढी नगरपालिका-७ रातमाटेमा ४०० केभी सबस्टेसन निर्माण गर्न भारतको टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेडसँग सम्झौता गरेको छ ।




एमसिए नेपालले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै उक्त सम्झौताबारे जानकारी दिएको हो । उक्त ४०० केभी ग्यास इन्सुलेटेड स्वीचगियर (जिआइएस) सबस्टेसन ३९ महिनाभित्र निर्माण गरिनेछ । निर्माण सम्पन्न भएपछि एक हजार मेगाभोल्ट एम्पियर क्षमताको हुने रातमाटे सबस्टेसन नेपालकै ठूला सबस्टेसनमध्ये एउटा हुनेछ । पाँच करोड १६ लाख अमेरिकी डलरमा निर्माण गरिने नयाँ रातमाटे सबस्टेसनले लप्सीफेदी र नयाँ हेटौंडा सबस्टेसनहरुबीच विद्युत प्रसारणका लागि महत्वपूर्ण सेतुका रुपमा काम गर्ने एमसिए-नेपालले जनाएको छ । एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेडका व्यापार निर्देशक राजीव अग्रवालले एमसिसी र एमसिए-नेपालका पदाधिकारीहरुको उपस्थितिमा सम्झौतामा हस्ताक्षर गरेर आदानप्रदान गरे । एमसिसी नेपाल कम्प्याक्टअन्तर्गत निर्माण गर्न लागिएका तीन वटा सबस्टेसनमध्ये एमसिए नेपालले हस्ताक्षर गरेको यो दोस्रो सबस्टेशन निर्माण सम्झौता हो । उक्त सम्झौतापछि नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले भने, 'नेपालको प्रसारण प्रणाली विकास योजना (टिएसडिपीएन) मा नेपालको राष्ट्रिय विद्युत् प्रसारण प्रणालीको महत्वपूर्ण अंगका रुपमा परिकल्पना गरिएको ४०० केभी रातामाटे सबस्टेसन नेपालको ऊर्जा क्षेत्रमा एमसीसी नेपाल कम्प्याक्टको अर्को महत्वपूर्ण उपलब्धि हुनेछ।' निर्माण सम्झौतामा हस्ताक्षरपछि मिलेनियम च्यालेञ्ज कर्पोरेशनका आवासीय राष्ट्रिय निर्देशक डायन एल. फ्रान्सिस्कोले भने, 'तीन वटा सबस्टेशनमध्ये दोस्रो रातमाटे सबस्टेसन निर्माण सम्झौतामा हस्ताक्षरबाट एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयनले गति लिएकाले यसलाई एउटा कम्प्याक्ट कार्यान्वयनका सन्दर्भमा ठूलो फड्कोका रुपमा लिन सकिन्छ । आगामी केही वर्षमा एमसिसी नेपाल कम्प्याक्टको प्रगतिले नेपालको बढ्दो ऊर्जा क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने कुरामा हामी विश्वस्त छौं ।' एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले भने, 'अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) र नेपाल सरकारको आर्थिक सहयोगमा सञ्चालित विद्युत् प्रसारण परियोजनाअन्तर्गत एमसिए नेपालले सवस्टेसन र प्रसारण लाइन निर्माणसम्बन्धी सम्पूर्ण कामलाई तीव्रता दिइरहेको छ ।

# पेट्रोल प्रतिलिटर तीन रुपैयाँ घट्यो

**काठमाडौं/मस**– नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगमले पेट्रोलमा प्रतिलिटर ३ रुपैयाँ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर १ रुपैयाँले घटाएको हो ।



मूल्य घटेसँगै पेट्रोलको मूल्य पहिलो वर्ग अन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा १ सय ६२ रुपैयाँ ५० पैसा, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा १ सय ६४ र तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायलमा १ सय ६५ मूल्य कायम भएको छ । त्यसैगरी डिजेल र मट्टितेलमा पहिलो वर्गअन्तर्गत १ सय ४९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गअन्तर्गत १ सय ५१ र तेस्रो वर्गअन्तर्गत १ सय ५२ मूल्य कायम गरिएको निगमले जनाएको छ । नयाँ मुल्य शनिबार राति १२ बजेदेखि लागू भएको हो ।

नेपाल सरकार
शहरी बिकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण बिभाग
सघन सहरी तथा भवन निर्माण आयोजना
झापा

**आर्थिक प्रस्ताब खोलिने बारेको सूचना**

(प्रकाशित मितिः २०८१-०३-०२)

यस कार्यालयबाट प्रकाशित तपसिल बमोजिमको खरीद कार्यको लागी ई-बिड मार्फत पेश भएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताहरुले पेश गर्नु भएको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सार्वजनिक खरीद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ङ.) को उपनियम ५ बमोजिम आर्थिक प्रस्ताव तपसिल बमोजिमको स्थान तथा समयमा खोलिने ब्योहोरा सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

| सि.न. | खरीद नं | प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल बोलपत्रदाताहरूको नाम | आर्थिक प्रस्ताब खोलिने मिति तथा स्थान : |
|---|---|---|---|
| 1 | PUDBC/Jhapa/Works/NCB/70/2080/81, “Construction of Integrated Urban Infrastructure in Birtamode Municipality-Jhapa)” | 1) Kanchanjunga - Mai Bhagawati- Sujal JV<br>2) Bhagwati-rajlawat jv<br>3) Axis Asian Construction company pvt.ltd.<br>4) Shanti-Udhesya jv<br>5) Purwanchal –Siddidatri jv<br>6) Siva-Sashidhar-Raj Jv<br>7) SNS-Nivil-Kanchan jv<br>8) Sanjeev-Godar Jv<br>9) Baraji-Aashrika-Aayush jv<br>10) Ephanta-Nayayug-Sharashristhi jv<br>11) Om ganeshaya Construction | २०८१-०३-०९ दिनको १:०० बजे<br>स्थानः आयोजना कार्यालय |
| 2 | PUDBC/Jhapa/Works/NCB/71/80-81, “Construction of Integrated urban infrastructure in Fungling Municipality, Taplejung” | 1) Himalayan Construction, Taplejung.<br>2) Om Buddha-MKS JV, Sindhuli.<br>3) Sisne-KTM-Jayalaxmi JV, Bhaktapur. | २०८१-०३-०९ दिनको १:०० बजे<br>स्थानः आयोजना कार्यालय |

**आयोजना प्रमुख**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**